# शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षको आशिंक आवश्यकता पुरा गर्नका लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता
धर्मेन्द्रजँग रायमाझी
क्याम्पस क्रमाङ्क : ३७/०६१
परीक्षा क्रमाङ्क : २४००००६/२०६३
त्रि.वि. दर्ता नं. १४५५६-९३

सप्तगण्डकी बहुमूखी क्याम्पस

भरतपुर, चितवन

फागुन, २०७०

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहका शोधकर्ता धर्मेन्द्रजंग रायमाझीले **"शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग"** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजवाट तयार पारिएको यस अध्ययनवाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

स. प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति :

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्न क्रममा आफ्नो अमुल्य सहयोग तथा सुझाव, सल्लाह प्रदान गर्नुहुने यस सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागिय प्रमुख तथा शोध समितिका संयोजक उप. प्रा. कुवेर नाथ शर्मा ज्यू प्रती आभार प्रकट गर्दछु । यस शोधकार्यलाई सफल बनाउनका लागि आफ्नो व्यक्तिगत तथा अध्यापन सम्बन्धि व्यस्तताको वावजुद पनि शोध पत्र शुरु देखी अन्त्य सम्म सँधै सद्भाव पूर्ण तरिकाले सल्लाह, सुझाव तथा मार्ग दर्शन दिनुहुने शोध निर्देशक स.प्रा.जय कृष्ण शर्मा ज्यू प्रति हृदय देखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी शिक्षा विभागका उप प्रा. होमनाथ सापकोटा, उप प्रा रमाकान्त सापकोटा, उप प्रा. देन प्रसाद लामिछाने ज्यूहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

शोधकार्यको सिलसिलामा आवश्यक सूचना तथा तथ्याङ्कहरु र सुझावहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित संघ संस्थाका कर्मचारीहरु, विद्यालयको शिक्षकहरु अभिभावक ज्यूहरु, विद्यार्थीहरु, रोष्टर प्रशिक्षक मित्र मदन खनाल, शिक्षक मित्र विजया घिमिरे, स्रोत व्यक्ति आदरणीय गुरु रामकृष्ण लम्साल (पिठुवा स्रोत केन्द्र) र शिक्षा प्रेमी व्यक्तिहरु प्रति आभार व्यक्त गर्दै अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहन्छु । यस प्रतिवेदन तयार गर्ने क्रममा घर देखि तथ्याङ्क संकलन र शोधपत्र तयार पार्दासम्म हरपल सहयोग गर्ने जीवन साथी गंगा रायमाझी छोरा विजेन रायमाझी धन्यवादका पात्र वनेका छन् ।

अन्तमा यस शोधकार्यलाई कम्प्युटर प्रिन्ट गरी अन्तिमरुप प्रदान गरी सहयोग पुऱ्याउने सुजु फोटो कपी परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र सम्बन्धित सबै व्यक्तिहरुको लागि उपयोगी हुनेछ भन्ने कुरामा पूर्ण विश्वास लिएको छु ।

धर्मेन्द्रजंग रायमाझी

# शोध सार

*"शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग" विषयमा यो शोधपत्र तयार पारिएको छ जुन अध्ययन गर्नको लागि विद्यालय तहमा शैक्षिक सामाग्री निर्माण र प्रयोगमा पेशागत विकास तालिमको प्रभाव त्यसमा देखिएका समस्याहरु र शैक्षिक सामाग्री निर्माण, प्रयोग र प्रभावकारिता ल्याउनको लागि उपयुक्त विकल्पहरु पेश गर्ने उद्धेश्यहरु राखिएको छ ।*

*यस अध्ययनलाई सरल, सहज बनाउन एवं माथि उल्लेखित उद्धेश्यहरु पूरा गर्नको लागि संभावना सहित नमूना छनोट विधिका आधारमा पिठुवाको स्रोत केन्द्र अन्तर्गतका एक वटा सामुदायिक उच्च मा. वि. र तिन वटा सरकारी सहयोग प्राप्त गर्ने सामुदायिक नि.मा.विद्यालयहरु उद्धेश्यमुलक छनोट विधिको आधारमा छनोट गरिएको थियो । छनोटमा परेका प्रत्येक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु, रोष्टर प्रशिक्षक, स्रोत व्यक्ति सँग विश्वासनियतामा र वैद्यता स्थापित भएका रुजु सूची अर्न्तवार्ता प्रश्नावली जस्ता अनुसन्धान उपकरणहरुको प्रयोग गरी प्राथमिक तथ्याङ्क एवं द्धितिय तथ्याङ्कमा विद्यालय सुधार योजना, दस्तावेजबाट प्राप्त तथ्याङ्कहरु संकलन गरिएको थियो ।*

*अध्ययनको कममा यससँग सम्बन्धित विभिन्न साहित्यको अध्ययन गरियो । उक्त साहित्यमा सम्वन्धित संस्थाहरुले तालिम प्रभावकारी बनाई यसबाट विद्यालयको कक्षा कोठामा उपयोग गरी वालवालिकालाई नविनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा मुलुकले कल्पना गरे अनुरुपको सक्षम जनशक्ति प्रदान गर्ने आशा गर्न सकिन्छ । तालिम प्राप्त, योग्य र लगनशिल शिक्षकहरुबाट नै स्थानीय तथा कम मूल्यका सामाग्रीहरुको अत्याधिक मात्रामा उपयोग हुनसक्ने र विश्वका वालवालिका सँग प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति निर्माण हुने कुरामा विश्वास गर्न सकिन्छ ।*

*सम्बन्धित साहित्य र प्राथमिक एवं द्धितिय स्रोतका आधारमा हामी शैक्षिक सामाग्रीको निर्माण र प्रयोग शिक्षकको पेशागत विकास तालिम लिनु अघि भन्दा यो तालिम लिई सके पश्चात*

*सकारात्मक देखिएको पाइएको छ । र शैक्षिक गुणस्तरमा पनि सकारात्मक परिवर्तन भएको पाइएको छ ।*

*यसरी सबै विद्यालयहरुले शैक्षिक सामाग्रीहरुको निर्माण र प्रयोग गर्न भौतिक तथा मानविय पक्षको समायोजन गराई त्यसको निर्माण र प्रयोग को लागि विद्यालयमा कार्यरत सबै पक्षको समन्वयात्मक स्थिति सृजना गर्ने प्र.अ. भएमा सिकाई उपलब्धी वृद्धि हुन्छ भन्ने आम धारणा वनाउन सकिन्छ । शैक्षिक सामाग्री निर्माण र प्रयोगलाई व्यवस्थित गरी शिक्षण सिकाई कियाकलापलाई प्रभावकारी गराउन आधार तयार हुन्छ भन्ने मान्यता स्थापीत हुन्छ ।*

# विषय सूची

परिच्छेद एक

परिचय १-११

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 8

१.३ अध्ययनको औचित्य 8

१.४ अध्ययनको उद्देश्य 10

१.५ अनुसन्धनात्मक प्रश्नहरू 10

१.६ अध्ययनको परिसीमाहरू 10

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका १२-२३

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 12

२.२ अध्ययनको सैद्धान्तिक खाका 20

२.३ पुनरावलोकनको उपादेयता 22

परिच्छेद तीन

अध्ययन विधि २४-२८

३.१ अनुसन्धानात्मक ढाँचा 24

३.२ अध्ययनको जनसंख्या र नमूना छनोट 25

३.३ तथ्याङ्क संकलनका साधनहरु 25

३.४ तथ्याङ्कका स्रोतहरु 26

३.५ तथ्याङ्क संकलन प्रक्रिया 26

3.6 tYofÍsf]JofVof र विश्लेषण प्रक्रिया २७

**परिच्छेद चार**

**नतिजाको छलफल** **२९-४५**

४.१ शैक्षिक सामाग्री निर्माण र प्रयोगमा पेशागत तालिमको प्रभाव 29

४.१.१ शैक्षिक सामाग्री सम्बन्धि अध्ययन 29

४.१.२. तालिम लिनु अघिको शैक्षिक सामाग्री निर्माण र प्रयोगको अवस्था 31

४.१.३ तालिम पश्चात शैक्षिक सामाग्री निर्माण र प्रयोगको अवस्था 33

४.२ शिक्षकको पेशागत विकास तालिमबाट कक्षा शिक्षणमा आएको परिवर्तन 34

४.२.१ शिक्षकमा आएको परिवर्तन 35

४.२.२ विद्यार्थीमा आएको परिवर्तन 35

4=2=3 lzIfssf]k]zfut bIftf clej[$df tflndsf] ;xofu 35

४.३ शैक्षिक सामाग्री निर्माण र प्रयोगमा आइपरेका समस्याहरु 36

4=4 z}lIfs ;fdful|sf]lgdf{f र kbf]unf0{k|efj sfrL agfpg]pkfox? 39

४.४.१ तालिम सम्बन्धि नीतिमा सुधार 39

४.४.२ विषयगत स्रोत सामाग्रीहरु उपलब्धता 40

4=4=3 शैक्षिक सामाग्रीको भण्डारण ४१

४.४.४ आर्थिक व्यवस्थापन नियमित बनाउनमा जोड 42

४.४.५ तालिम प्राप्त र योग्य शिक्षकहरुको व्यवस्था 43

4=4=6 विद्यालयको भौतिक पूर्वाधार विकास ४३

४.४.७ विदाको समयमा तालिम सञ्चालन गर्नुपर्ने 43

४.४.८ अनुगमन, निरीक्षण र परामर्श सेवा प्रदान गर्ने 43

4=4=9 तालिममा प्रदान गरिने समयावधिको व्यवस्थापन ४४

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरु ४६-५१**

५.१ निष्कर्ष 46

५.२ सुझाव ४८

५.२.१ नीतिगत तह ४८

५.२.२ कार्यान्वयन तह ४९

५.२.३ अनुसन्धान तह ५०

**सन्दर्भसामग्री**

**अनुसूची**

# परिच्छेद एक

# परिचय

## १ अध्ययनको पृष्ठभूमी

शिक्षा एक गतिशील प्रक्रिया हो । यो मानिसको जन्मदेखी मृत्यु पर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासको लागि आवश्यक, जनशक्ति तयार पार्दछ । मानिसको आधारभूत आवश्यकताको रुपमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् भनेर संयुक्त राष्ट्रसंघले स्वीकार गरेको छ । त्यसमा पनि सबै पक्षको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योति हो, सभ्यता र संस्कृतिको जननी हो । शिक्षा विनाको मानव पशु सरह हुन्छ । मानिसलाई व्यक्तिगत र सामुहिक रुपमा सक्षम बनाउन उचित, शिक्षा, दिनुपर्दछ । आत्मिक, मानसिक, शारीरिक, आध्यात्मिक, वैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय कृयाकलापको उन्नतीको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गीण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ (खनाल, २०६०) ।

कुनै व्यक्तिमा चाहेजस्तो गरी व्यवहारमा परिवर्तन ल्याउन सिकाइने ज्ञान, सीप र धारणा सम्बन्धी क्रियाकलापहरुलाई तालिम भनिन्छ । यसै गरी शिक्षकलाई शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा दिने उद्देश्यले सञ्चालन गरिने क्रियाकलापहरुलाई शिक्षक तालिम भनिन्छ (लुइटेल, २०६७ : ३१६) ।

शिक्षकहरुमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष रुपमा नवीकरण, सबलीकरण एवम् अध्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्त हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरुको आफैले आफ्नो आत्ममूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञानसीपमा पहुँच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन संस्कृति विकास गरी अर्थपूर्ण अभ्यास सरिक हुने जस्ता विविधहरु मार्फत् निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वव्यापी रुपमा रहिआएको छ ( शै.ज.वि.के.२०६६:१) ।

नेपालमा सर्वप्रथम शिक्षकलाई तालिम प्रदान गर्ने उदेश्यले वि.स. २००४ सालमा आधार शिक्षा अन्तर्गत आधार शिक्षक प्रशिक्षण केन्द्रको स्थापना भएको पाइन्छ । वि.स. २००७ सालमा यस

केन्द्रलाई नेपाल शिक्षक प्रशिक्षण केन्द्रका रुपमा रुपान्तरित गरियो । शिक्षकलाई तालिम प्रदान गर्ने क्रममा नै वि.स. २०१३ सालमा शिक्षा महाविद्यालयको स्थापना भयो जसलाई वि.स. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भए पश्चात त्रि.वि.कै एक अङ्गका रुपमा समावेश गरियो । त्यसपछि नेपालमा शिक्षक तालिम सम्बन्धि क्याम्पस तहमा नै आइ. एड., वि. एड, एम. एड. जस्ता तालिमहरु सञ्चालन हुदैं आएका छन् (श्रेष्ठ २०६५ : ३९) ।

मानव सम्पदाको विकासको क्रमसँगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा लिएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ पढाएको पाइन्छ । नेपालमा स्थापना कालदेखि नै शिक्षाको शुरुवात भई यसको विकास आफ्नै गतिबाट हुँदै आएको पाइन्छ । प्राचिन कालमा बावुले छोरालाई आमाले छोरीलाई आफ्नै ज्ञान सीप संस्कार अनुसारको शिक्षा दिने गर्दथे । प्राचिन नेपालको शिक्षा पूर्ण रुपमा गुरुकुलमा आधारित थियो । शिक्षाको आधार वेदलाई मानिएको थियो । नेपालमा शिक्षाको विकास धेरै पहिले देखि भएपनि आधुनिक औपचारिक शिक्षाको शुरुवात वि.स.१९१० साल जङ्गबहादुरको पालादेखि भएको मानिन्छ । वि.स. १९१७ असोज २७ गतेका दिन आफ्नो दरवार थापाथलीको दाखचोकको भुइँतलामा पहिलो अंग्रेजी पाठशालाको स्थापना गरेपश्चात मात्र भएको हो (शर्मा, २०६२) ।

शैक्षिक उदेश्यहरु परिपूर्ति गर्ने क्रममा शिक्षकले कक्षामा अध्यापन गराउने क्रममा उपयोगमा ल्याउने जति पनि वस्तु सामाग्री वा उपकरणलाई शैक्षिक सामाग्री भनिन्छ । कुनै पनि विषयवस्तुलाई रुचिकर, ज्ञानवर्द्धक, सरल, सरस, आकर्षक, मनोरञ्जनात्मक साथै प्रभावकारी ढंगले शिक्षण गर्न शैक्षिक सामाग्री अति आवश्यक हुन्छ । Cobun (1993) को अनुसन्धानबाट के थाहा हुन्छ भने १०० प्रतिशत मध्ये ३ प्रतिशत कुनै कुरा देख्न पाउने अवसरबाट प्राप्त हुन्छ । त्यसैगरी ११ प्रतिशत सुनेर, ३.५ प्रतिशत सुंघेर, १.५ प्रतिशत छोएर, १ प्रतिशत स्वाद लिएर श्रव्य / दृष्य सामाग्रीको सँयुक्त प्रयोग र विद्यार्थीको समेत सहभागिता बढाई गरिएको शिक्षण सिकाई कार्य प्रभावकारी हुन्छ । शिक्षणको कार्य विद्यार्थीले सिक्नु र जान्नु भएकोले शैक्षिक सामाग्रीको निर्माण व्यवस्थापन, संगठन, संकलन भण्डारण र प्रयोगमा कन्जुस्याई गर्नुहुदैंन (काफ्ले, २०६१) ।


सिकाइलाई व्यवहारिक र उदेश्यमूलक बनाउन शैक्षिक सामाग्री प्रयोग गरिन्छ । शैक्षिक सामाग्री मुद्रित, श्रव्य, दृष्य, श्रव्यदृष्य गरी चार किसिमका हुन्छन् । शैक्षिक सामाग्रीको प्रयोगको लागि एउटा

चिनियाँ उखान छ : If I hear, I forget, If I see I remember, If I do I understand) यसबाट शैक्षिक सामाग्रीमा सुन्न मात्र पाउने भन्दा पनि देख्न र सुन्न पाउने समान प्रयोग गर्दा शिक्षण सिकाई बढी प्रभावकारी हुने त्यो भन्दा पनि अरु सबै  विद्यार्थीहरुलाई सकिय रुपमा सहभागि गराउन सकेको खण्डमा शिक्षण सिकाई प्रभावकारी हुन्छ ।

सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक सामाग्रीको अत्यन्त ठुलो भुमिका छ । शिक्षण सिकाइको केन्द्र विन्दुनै विद्यार्थी भएकोले शिक्षकको कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषयवस्तु अनुसारका शैक्षिक सामाग्रीको सहि किसिमले प्रंयोग गर्न अति आवश्यक छ । शैक्षिक सामाग्री भन्दा कुनै पनि सामाग्रीलाई लिन सकिन्छ जसले विद्यार्थीलाई शिक्षण सिकाई कार्यमा सहयोगी हुन सकोस् । उनीहरुले वास्तविक र व्यवहारिक ज्ञान प्राप्त गर्नुका साथै सृजनात्मक प्रतिभाको विकास गर्न समेत मद्दत पुगोस् । विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी र पठन पाठन क्रियाकलापमा शिक्षक विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामाग्रीको प्रयोगलाई जोड दिएको छ (हाडा, २०५९) ।

शिक्षणकलाको प्रभावकारी तत्व शैक्षणिक सामाग्रीको प्रदर्शन र यसको उचित प्रयोग वीच अत्यन्तै गहिरो सम्वन्ध छ । शैक्षिक सामाग्रीको प्रयोग उचित समयमा उचित किसिमले हुन सक्नुपर्दछ पाठको उदेश्य प्राप्तीमा सघाउ पुऱ्याउन शैक्षणिक सामाग्रीको संकलन, निर्माण प्रयोग भण्डार आदि सवै पक्षमा कलात्मक एवम् मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नुपर्दछ । सामाग्रीको निर्माण मूलत : स्थानिय स्रोतबाट प्राप्त हुने सस्ता बस्तुबाट प्रभावकारी र आकर्षक ढंगले गरिनुपर्दछ । सामाग्री रोचक हुनाको साथै जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने वानी बसाल्ने हुनुपर्दछ भन्ने प्राथमिक शिक्षा २०४९ को उदेश्य रहेको छ । शैक्षणिक सामाग्रीको प्रयोगबाट पाठ स्पष्ट हुन्छ र प्रस्तुत धारणालाई सिकारुमा हस्तान्तरीत गर्न सफल हुन्छ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइरहेको हुन्छ (सापकोटा, २०६२)

शैक्षिक सामाग्री छनोटका विभिन्न आधार एवं सिद्धान्तहरु छन् । जस्तै तयारी सिद्धान्त, छनोट सिद्धान्त, नियन्त्रण सिद्धान्त, सदुपयोग र प्रस्तुतिको सिद्धान्त, प्रतिक्रिया र समुह सिद्धान्तमा आधारित हुनुपर्दछ । समग्रमा शैक्षिक सामाग्रीलाई ४ भागमा विभाजन गरिएको छ ।




स्रोत : श्रेष्ठ, (२०६२)

शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) सानोठिमी भक्तपुरले शिक्षकको पेसागत विकास सम्बन्धी निम्नानुसार नीतिगत कार्यक्रमहरु तय गरेको पाइन्छ ।

सम्पूर्ण शिक्षकहरुलाई सेवाकालिन रुपमा आगामी ५ वर्ष भित्रमा ३० दिन बराबरको शिक्षकको पेसागत क्षमता विकास तालिममा पहुँच सुनिश्चित गर्ने । शिक्षकहरुको वृत्तिविकासका लागि प्रत्येक

तहमा Beginner, Experienced, Master and Expert गरी जम्मा ४ वटा श्रेणी रहने र प्रत्येक माथिल्लो श्रेणीमा बढुवा हुनुका लागि उल्लिखित अवधिको पेसागत तालिम, योग्यता , कार्यसम्पादन र ज्येष्ठतालाई आधार बनाइने । SSRP अन्तर्गत कायम भएको कार्यरत शिक्षकहरुको योग्यता अपग्रेडिङ्ग गर्न आधारभूत तहका हकमा साविकमा उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गत चालु रहेको १० महिने तालिम प्राप्त जनशक्तिलाई कक्षा कार्यान्वयन जारी रहने । साथै माध्यमिक तहका हकमा विश्व विद्यालयहरुसँग विशेष सहकार्य गरी एम.एड. कार्यक्रम संचालन गरिने । विशेष शिक्षा, बहुभाषिक शिक्षा, बहुकक्षा शिक्षणकालागि शिक्षा विभागबाट छनौट गरिएका शिक्षकहरुको विशेष क्षमता विकास गराउनका लागि सघन तालिम कार्यक्रम सञ्चालन गरिने । तालिम प्रणाली एवम् शै.ज.वि.क अन्तर्गत क्रियाशिल संगठनहरुको संस्थागत पुन : संरचना एवम् सुदृढीकरण गर्ने उद्देश्यले आवश्यक अध्ययन अनुसन्धान गरिने । सम्पूर्ण प्र.अ.हरुको नेतृत्व क्षमता विकास सम्बन्धी सेवाकालिन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २०% को पहूँच सुनिश्चित गर्ने गरी कार्यक्रम तय गरिएको छ ।

उपर्युक्त प्रावधानको कार्यान्वयन स्वरुप शैक्षिक जनशक्ति विकास केन्द्रबाट सामुदायिक विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई एक पटकमा १० दिन अवधिको शिक्षक पेसागत मोड्युल सञ्चालन गरी आगामी ५ वर्ष (आ.ब २०७०/०७१) भित्र १ महिना बराबरको शिक्षक पेसागत विकास कार्यक्रममा पहुँच सुनिश्चित गर्न योजना एवम् कार्यक्रम तर्जुमा भैसकेको छ । देशभर १ हजार ५३ ओटा स्रोत केन्द्रहरुबाट आधारभूत तहका लागि र ४६ ओटा अगुवा स्रोत केन्द्र एवम् २३ ओटा शैक्षिक तालिम केन्द्हरुबाट माध्यमिक तहको समेत टिपिडी कार्यक्रम सञ्चालन हुने गरी व्यवस्था मिलाइएको छ (टिपिडी कार्यान्ववयन पुस्तिका, २०६६) ।

वि.स. २०२८ सालबाट प्रारम्भ भएको नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना (National Education System) द्वारा नेपालमा प्रथम पटक शिक्षण पेसाको लागि प्राज्ञिक योग्यता (Academic Qualification) र पेसागत योग्यता (Professional Qualification) निर्धारण गरी यी दुबै प्रकारका सक्ने नीति व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अवलम्बन गरियो । यस अन्तर्गत विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यताको साथै १० महिने अर्थात १ वर्षे पेसागत योग्यता अनिवार्य गरियो (टि.पि.डी कार्यान्वयन पुस्तिका, २०६६) ।

सन् १९८० देखी मुख्य रुपमा सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना लगायतका कार्यक्रमहरु अर्न्तगत १० दिन देखी २.५. महिना अवधि सम्मका शिक्षक तालिम सञ्चालन गरिएको पाइन्छ (टिपिडी कार्यान्वयन पुस्तिका, २०६६) ।

सन् १९९२ देखि प्रारम्भ भएको प्राथमिक शिक्षा विकास परियोजना (Primary Education Development Project) द्वारा प्राथमिक तहका लागि र माध्यमिक शिक्षा विकास कार्यक्रम बाट माध्यमिक तहका लागि १० महिने शिक्षक तालिम को आवश्यकतालाई पुनरावृत्ति गरी यसको विस्तारित रुपमा संचालनका लागि नितीगत, भौतिक,संस्थागत पाठ्यक्रम, सामाग्री एवम् कार्यक्रमगत पूर्वाधार निर्माण गरिएको पाइन्छ (टिपिडी कार्यान्वयन पुस्तिका, २०६६) ।

वि.स २०२८ देखी प्रारम्भ गरिएको नीतिबमोजिम प्राज्ञिक र पेसागत दुबै योग्यता प्राप्त उम्मेदवारहरु मात्र शिक्षण पेसामा प्रवेश गराउने र सेवारत मध्ये सबैलाई दुबै योग्यता प्राप्त तुल्याउने महान् जिम्मेवारी पुरा गरी आज आएर राज्यबाट उपयुत्तः Exit strategy को सफल कार्यान्वयन सम्पन्न भएको छ । यसै दौरानमा विभिन्न स्रोतहरुबाट बैदेशिक सहायता समेत गरी लगानी भएको पाइन्छ (टिपिडी कार्यान्वयन पुस्तिका, २०६६) ।

**शिक्षकको पेसागत विकास मोड्युल संरचना**

**भाग १ : तालिम कार्यशाला**

यो भाग ५ दिन सम्म प्रत्येक टिपिडी हबमा सहभागी शिक्षकहरु र विशेषज्ञ प्रशिक्षक बीच फेस टु फेस मोडबाट सञ्चालन हुनेछ ।

**भाग २ : स्वाध्ययन अभ्यास**

यो भाग पहिलो भाग सञ्चालन भए पश्चात सामन्यतया २० देखी ३० दिन भित्र ३ दिन कार्यभार बराबरको केडिट पाउने गरी प्रत्येक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरु सम्पादन गरी सम्पन्न गरिदिनु पर्ने ।

**भाग ३ : शैक्षिक परामर्श**

यो भागमा दोस्रो भागको अवधि पुरा भए लगतै प्रत्येक हबका प्रशिक्षकहरुद्वारा दुई दिन सम्म सहभागीहरु कार्यरत विद्यालयमै भ्रमण गरी तिनीहरुले दोस्रो भाग अन्तर्गत सम्पादन गरेका कार्यको अवस्था/प्रतिवेदन मूल्याङ्कन तथा एजेण्डामा आधारीत बैठक सञ्चालन गर्नुपर्नेछ र यसका आधारमा टिपिडी मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्ने छ (टिपिडी कार्यान्वयन पुस्तिका, २०६६) ।

टिपिडी कार्यान्वयन पुस्तिका २०६६ अनुसार यस टिपिडी कार्यक्रमको उद्देश्यहरु शिक्षकले सामना गर्नु परेका तत्कालिन शिक्षण सिकाइ सम्बन्धी Pedogogical समस्या समाधान गर्नु र शिक्षण कार्यमा उत्कृष्टता निश्चित गर्न शिक्षकको निरन्तर पेसागत दक्षता अभिवृद्धि गराई शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने रहेको छ ।

नेपालको सरकारले शिक्षा क्षेत्रमा बर्षेनी ठूलो धनराशी खर्च गर्ने गरेको भएतापनि सामुदायिक विद्यालयहरुले लगानी अनरुप उपलब्धि हासिल गर्न सकेको छैन । यसै गरी आ.व. २०६७ मा कुल बजेटको १७% बजेट शिक्षा क्षेत्रमा छुट्याइनुका साथै अन्य गैरसरकारी संस्था तथा दातृराष्ट्रहरुबाट पनि त्यतीनै चासोका साथ बजेटको लगानी गरेको पाइन्छ । यस टिपिडी कार्यक्रमलाई पनि विभिन्न शिर्षकहरुका बजेट खर्च हुने भएकाले सोही अनुसार आधारभूत तहका लागि प्रति प्रशिक्षार्थी रु २७०० र माध्यमिक तहका हकमा रु ३२०० प्रति एकाइ लागत पर्न जाने बजेटका लागि शैक्षिक जनशक्ति विकास अनुमानका आधारमा शिक्षा विभागबाट सम्बन्धित जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम/अख्तियारी पठाउने र शैक्षिक जनशक्ति विकास केन्द्रले प्रदान गरेको कार्यकलाप खर्च गर्ने आधारमा सम्बन्धित स्रोतकेन्द्र र अगुवा स्रोतकेन्द्हरुबाट खर्च गर्ने व्यवस्था गरिएको पाइन्छ ( शैजविके, २०६७) ।

**१.२. समस्याको कथन**

नेपालले अन्य क्षेत्रमा भन्दा शिक्षाको क्षेत्रमा ठूलो धनराशी खर्चदै आएको भएतापनि विकाशिल राष्ट्र भएकै कारण अन्य देशको तुलनामा अझै सम्म पनि शिक्षा उपलब्ध हुन सकिरहेको छैन । सरकारले हरेक वर्ष बजेटमा शिक्षा क्षेत्रको लगानीमा वृद्धि गर्दै आएको पाइन्छ तर पनि सामुदायिक विद्यालयमा सन्तोषजनक शैक्षिक उपलब्धि हुन सकिरहेको छैन ।

सरकारले विद्यालयमा गरेको लगानीको उचित प्रतिफल विद्यालयले दिन नसकेको वास्तविक यथार्थता हो । विद्यालयको शैक्षिक गुणस्तरलाई प्रत्यक्ष असर पार्ने शिक्षण सिकाई क्रियाकलापलाई व्यवस्थित गर्न विद्यालय तहमा शैक्षिक सामाग्री निर्माण र प्रयोगलाई अध्ययनको क्षेत्र बनाइएको छ । त्यसमा देखिएका समस्याहरु र अवस्थाको सुधारको लागि चालिनुपर्ने उपयुक्त विकल्प दिने प्रयास गरिएको छ ।

सरकारले केबल शिक्षकको तलव भत्तामा मात्र लगानी गर्ने परिपाटीको अन्त्य गरी शैक्षिक गुणस्तरमा वृद्धि गर्नको लागि आर्थिक, प्राविधिक सहयोग दिने र शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गर्ने वातावरण तयार पार्नको लागि पनि यो अध्ययन सहयोगी हुनेछ भन्ने ठानेको छु ।
शैक्षिक सामाग्रीको निर्माण र प्रयोग समस्याका सन्दर्भमा विद्यालयहरुमा पाठ्यक्रममा उल्लेखित शैक्षिक सामाग्रीहरु निर्माण र प्रयोग गरिएको छैन । विद्यालयमा भएका शैक्षिक सामाग्रीको कक्षाकोठामा शिक्षण गर्दा सही किसिमले उपयोग गरिएको छैन । विद्यालयमा नभएका शैक्षिक सामाग्रीहरु निर्माण गर्दा No cost र Low cost लाई ध्यान पुराई निर्माण गर्ने गरिएको छैन । यी विविध समस्याहरुको मनन गरी अध्ययन गरी अध्ययनको समस्याको कथनको रुपमा “शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग” रहेको छ ।

**१.३. अध्ययनको औचित्य**

कुनैपनि अध्ययन अनुसन्धानको आ-आफ्नै औचित्य रहेको हुन्छ । शिक्षकहरुलाई समयानुकुल आवश्यक तालिम प्रदान गरी शिक्षणलाई प्रभावकारी बनाउनु, आज अनिवार्यता भएको छ । सो अनुरुप वि.स. २०६६ देखि सामुदायिक विद्यालयका शिक्षकहरुलाई शिक्षकको पेसागत विकास तालिम कार्यक्रम संचालन गर्दै आएको छ । यो कार्यक्रम पश्चात शिक्षकहरुले शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा वृद्धि गराउनमा केन्द्रित रहेको तथा हाल यस विषयमा पर्याप्त रुपमा अनुसन्धान नभएकोले शिक्षकको पेसागत विकासमा तालिमको प्रयोग शिर्षक छनौट गरी अनुसन्धान गर्न खोजिएको हो ।

सरकारले तालिमको आयोजना गरी प्रदान गर्ने गरेको ज्ञान, सीप, धारणा शैली कक्षा शिक्षणमा अनुसरण नभइ राखेको वर्तमान परिस्थितीमा त्यसलाई कक्षाकोठामा सार्दै शैक्षिक सामग्रीको निर्माण

तथा प्रयोगमा सहयोगी बनाउनको लागि आवश्यक ठानिएकोले पनि यो विषय लाई समस्याग्रस्त विषयको रुपमा वा ज्ञानप्रदान गर्ने विषयवस्तुको रुपमा लिइएको छ ।

तसर्थ यस अध्ययनबाट सामुदायिक विद्यालयका शिक्षकहरुमा तालिमको वर्तमान अवस्था कस्तो छ ? विगतमा संचालन भएका तालिम पश्चात शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा कस्तो प्रभाव पर्दै आएको छ ? विगतका विभिन्न तालिमहरु पश्चात नविनतम रुपमा संचालन भैरहेको यस टिपिडी कार्यक्रम बाट शिक्षकहरुमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा कस्तो प्रभाव पारेको छ सो को लेखाजोखा हुनुका साथै यस विषयमा थप अनुसनधान गर्ने अनुसन्धानकर्ता, नीति निर्माता तालिम संचालक भविष्यका शोधकर्ताहरुलाई केही हदसम्म भएपनि सहयोग मिल्ने छ र शोधकर्ताको पेसागत विकासमा पनि सहयोग हुनेछ ।

यस अध्ययन अनुसन्धानको औचित्यहरु विगतमा संचालित तालिमहरु लिए पश्चात शिक्षकहरुले व्यवहारमा प्रयोग नगर्नुका कारण पत्ता लगाउन । शिक्षकहरुको पेसागत क्षमता वृद्धिमा यस तालिमले खेलेको भूमिका पत्ता लगाउन । यस कार्यक्रमले शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा के कस्ता प्रभाव पार्छ पत्ता लगाउन । तालिम लिनुअघि र लिए पश्चात व्यवहारमा प्रयोग गर्दा पर्ने समस्या र ती समस्याका उपाय पत्ता लगाउनु । भावी दिनहरुमा यस कार्यक्रमको बारेमा गरिने अनुसन्धान कार्यमा सहयोग गर्नु रहेको थियो ।

### १.४. अध्ययनका उद्देश्य

यस अध्ययनको निम्न उदेश्यहरु रहेका छन् ।

क) शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगको अवस्था पत्ता लगाउने ।

ख) शिक्षकको पेशागत विकास तालिमबाट कक्षा शिक्षणमा आएको परिवर्तनको लेखाजोखा गर्ने ।

ग) शेक्षिक सामाग्री निर्माण र प्रयोगमा आइपरेका समस्याहरु पत्ता लगाउने ।

घ) शैक्षिक सामाग्री निर्माण र प्रयोगलाई प्रभावकारी बनाउने उपाय सुझाउने ।

### १.५. अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु

क) यस कार्यक्रमले शैक्षिक सामाग्री निर्माण तथा प्रयोगमा के कस्तो प्रभाव पारेको छ ?

ख) टिपिडी तालिमले शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगमा के कस्ता सहयोग पुऱ्याएको छ ?

ग) के कसरी तालिमको उपयोग गरिएको छ ?

घ) यो तालिम पश्चात शैक्षिक सामाग्री निर्माण तथा प्रयोगको अवस्था कस्तो छ ?

ङ) यो तालिमबाट कक्षा शिक्षणमा के-कस्तो परिवर्तन आएको छ ?

च) यो तालिम लिनुअघि शैक्षिक सामाग्री निर्माण तथा प्रयोगमा के कस्ता समस्याहरु रहेका थिए ?

छ) शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गर्न टिपिडी तालिमले कसरी सहयोग पुऱ्याउन सक्छ ?

**१.६. अध्ययनको परिसीमा**

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भएकाले यातायातको समय स्रोतको अभावलाई मध्यनजर गर्दै निम्न सिमाहरु तय गरिएको छ।

अनुसन्धानकर्ताको दक्षतामा भएको अभाव, मानवीय स्रोत र साधनमा कमी, छोटो समय, आर्थिक, कठिनाई जस्ता विविध समस्याहरुको कारणले  अध्ययनलाई उद्धेश्य अनुरुप बनाउनका लागि यो अध्ययन चितवन जिल्लाको पिठुवा स्रोत केन्द्रमा मात्र सिमित रहेको छ। यो अध्ययन पिठुवा स्रोत केन्द्रमा मात्र सिमित रहेको छ। यो अध्ययन पिठुवा स्रोत केन्द्र चितवनमा केन्द्रित रही स्रोत केन्द्र अन्तर्गतका पृथ्वी उच्च मा.वि., नि.मा.वि. जुटपानी बजार, नि.मा.वि वनकट्टा पदमपुर, नि.मा.वि. रेडक्रस गरी ४ वटा सामुदायिक विद्यालयहरुलाई मात्र लिइएको छ। टिपिडी तालिम सञ्चालन हुनुपूर्व र सञ्चालन पश्चात शिक्षकहरुले शैक्षिक सामग्री के कसरी निर्माण भएका छन् भन्ने जस्ता पक्षहरुलाई मात्र अध्ययनको केन्द्रविन्दु बनाइएको छ।

यस अध्ययनलाई शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा मात्र सिमित राखिएको छ। शिक्षकहरुको पेशागत विकासमा तालिमले विद्यालयमा प्रयोग हुने शैक्षिक सामग्रीहरु मात्र सीमित राखेर अध्ययन गरिएको छ। यस अध्ययन सम्वन्धी विद्यालयका सम्भावना रहित नमूनाबाट छानिएका शिक्षक, प्रशिक्षक, प्र.अ. स्रोत व्यक्ति, विद्यार्थीहरुसँग सम्वन्धीत रहेको छ। यो अध्ययन सम्वन्धित विद्यालयका सम्भावना रहित नमूनाबाट छानिएका शिक्षक १०, प्रशिक्षक २, प्र.अ. ४, विद्यार्थी ८, स्रोतव्यक्ति १ गरी जम्मा २५ जनासँग सम्वन्धित रहेको छ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

प्रभावकारी तथा गुणस्तरीय शिक्षाको लागि तालिम प्राप्त एवं दक्ष, शिक्षकको आवश्यकतालाई कसैले नकार्न सक्दैन । जसरी एउटा जहाजलाई कुशल चालकको आवश्यकता पर्दछ त्यसरीनै शैक्षिक एवम् प्रभावकारी बनाउन सक्छ । यसको लागि शिक्षकलाई समायानुकुल दक्षता अभिवृद्धिका लागि आवश्यक पेसागत तालिम दिई up to date गराइरहनु आवश्यक पर्दछ । नेपालमा विगतका धेरै समयदेखी नै शिक्षकलाई तालिम युक्त बनाउन विभिन्न प्रयासहरु सरकारी तथा गैरसरकारी क्षेत्रबाट भैरहेका छन् । यस परिच्छेदमा शिक्षक, तालिम सँग सम्बन्धित साहित्यहरुको अध्ययन गरी प्रस्तुत गरिएको छ । यस अन्तरगत विभिन्न समयमा प्रकाशित पुस्तकहरु, पत्र पत्रिकाहरु, खोज अनुसन्धानका प्रतिवेदनहरु, शोध प्रतिवेदनको अध्ययनगरी सार संक्षेपमा प्रस्तुत गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षकको पेसागत विकासमा तालिमको प्रयोग सम्बन्धमा अध्ययन गर्ने विभिन्न समयमा प्रकाशित शैक्षिक सामग्रीहरु, पुस्तकहरु, शिक्षक मासिक, शैक्षिक जनशक्ति विकास (NCED) द्वारा प्रकाशित सामग्रीहरु, शिक्षा नियमावली विभिन्न शिक्षा आयोगका प्रतिवेदन, राष्ट्रिय तथा अनुसन्धानकर्ताहरुद्वारा विभिन्न समयमा गरिएका खोज तथा अनुसन्धानलाई समेत आधार बनाई यो अध्ययन गरिएको छ ।

तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको कक्षाकोठा व्यवहारको तुलनात्मक अध्ययन शिर्षकमा गरिएका शोधकार्य । अनुसन्धानका अनुसार तालिम प्राप्त शिक्षकहको तालिम अप्राप्त शिक्षकहरुको तुलनामा प्रवचन र छलफल गरेर पूर्वपाठको समिक्षा गर्ने गरेको, गृहकार्य जाँच्ने गरेको साथै कालोपाटी र शैक्षिक सामग्रीको समुचित प्रयोग र प्रश्नोत्तर विधिको प्रयोग बढी गर्ने गरेको पाइयो । साथै तालिम प्राप्त शिक्षकहरको तुलनामा तालिम अप्राप्त शिक्षकहरुको समय व्यवस्थापन र शैक्षिक निर्माण तथा प्रयोग गर्ने कार्यमा कमजोर देखिएका औल्याएका छन् (पौडेल, २०६७) ।

विगत ३८ वर्षसम्म शिक्षकमा शिक्षण कार्य सम्पादन सुधार गर्न प्रत्यक्ष, मद्दत पुर्‍याउने सेवाकालीन पेसागत विकास भन्दा पनि शिक्षकको पेसागत योग्यता पूरा गर्ने उद्देश्यले दीर्घकालीन पेसागत योग्यतामुखी तालिम (१० महिने) कार्यान्वयन गर्नमा मात्र सम्पूर्ण स्रोत एवम् प्रयास केन्द्रित रह्यो ।

यसै मेसोमा शिक्षक तालिम प्रभावकारित्व अध्ययन (DOE, 2006), शिक्षक तालिम सम्बन्धि प्रभावकारिता अध्ययन (CERID, 2005) लगायतका अनुसन्धानहरुबाट सरकारद्वारा तालिममा पेसागत योग्यता प्राप्त शिक्षक संख्या बढोत्तरी द्रुत गतिमा वृद्धि गराउन सफल भएपनि तालिम प्राप्त शिक्षकहरुबाट तालिममा सिकेका सीप, समग्र क्षमता ५०% को दरले मात्र कक्षाकोठामा प्रयोग भएको निष्कर्ष निकाले ।यी अध्ययनहरुका साथै सेरिडद्वारा सालबसाली रुपमा सञ्चालन गरिएका फर्मेटिभ अनुसन्धानहरु समेतले शिक्षकहरुमा निहित ज्ञान एवम् सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप follow up support र निरन्तर शिक्षक पेसागत विकास गतिविधि सञ्चालन गर्नुपर्ने आवश्यकता औल्याएका छन् ।

शैक्षिक जनशक्ति विकास केन्द्रले सार्वजनिक क्षेत्रमा कार्यरत देशभरीका शिक्षक, शैक्षिक व्यवस्थापक एवम् प्राविधिज्ञहरुको पेसागत क्षमता सम्पूर्ण रुपमा अभिवृद्धि गराई समग्र सार्वजनिक शैक्षिक क्षेत्रको कार्यसम्पादन सुधार गर्ने अभिभारा सफलतापूर्वक वहन गर्दै आएको छ । वि.स २०२८ सालदेखि औपचारिक रुपमा प्रारम्भ भएको सेवाकालिन शिक्षकहरुको लागि १० महिने प्रमाणीकरण तालिम सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण शिक्षकहरु ९२.८% लाई प्रदान गरी देशमा प्राज्ञिक र पेसागत दुबै योग्यता प्राप्त शिक्षकहरुद्वारा मात्र शिक्षण सेवा प्रदान गर्ने अवस्था सुनिश्चित गराउन सक्नु यस केन्द्रले प्राप्त गरेको उपलब्धिको एउटा ज्वलन्त उदहारण हो ।

आधारभूत तहका हकमा स्रोतकेन्द्रहरु र माध्यमिक तहका हकमा जिल्ला सदरमुकाममा अवस्थित अगुवा स्रोतकेन्द्र शै.ता.के.बाट नै प्रस्तुत मोड्युल विकास गर्ने सामग्री निर्माण गर्ने र सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । स्थानीय स्तरमा नै कार्यान्वयन हुने यस्तो विधि अन्तर्गत तालिम सामाग्री छपाई/ढुवानी शिक्षक आतेजाते/भ्रमण खर्च जस्ता खर्चिला कार्यहरु मुक्त डिजाइनका रुपमा प्रस्तुत कार्यक्रमहरुलाई विकास गरिएको छ । यसरी हेर्दा साविकका अभ्यासहरु अन्तर्गत सञ्चालन गरिएको छ । यसरी हेर्दा साविकका अभ्यासहरु अन्तर्गत सञ्चालन गरिएका शिक्षक तालिम कार्यक्रमको प्रति एकाइ लागत भन्दा उल्लेख्य रुपमा न्यून लगानी हुने र त्यो पनि सोझै कार्यान्वयन तहमा मात्रै केन्द्रित हुने हुँदा प्रस्तुत कार्यक्रममा low cost high yield र दिगोपना जस्ता मान्यता अनुसरण गरिएको छ (टिपिडी कार्यान्वयन पुस्तिका, २०६६) ।

परिमार्जित पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक पढाउन सक्ने तुल्याउने शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरुलाई तालिम दिइरहेको छ र त्यो पर्याप्त छैन । विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) मा पनि शिक्षकको क्षमता विकासका कुराहरु राखिएका छन् । तर त्यो अनुरुप काम हुन सकेको छैन । त्यसैले परिमार्जित पाठ्यक्रम र शिक्षकको योग्यता बीच तादाम्यता कायम हुन सकेको छैन (पराजुली, २०६७) ।

सरकारी तथ्याङ्क अनुसार स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरुमध्ये ९८.२ प्रतिशतले १० महिने सेवाकालिन तालिम पाइसकेका छन् । टिपिडी कार्यक्रम तिनै शिक्षकमा लक्षित छ । शिक्षणका क्रममा आइपर्ने समस्यालाई स्थलगत रुपमै समाधान गर्ने र पेसागत दक्षता बढाउन शिक्षकहरुलाई निरन्तर उत्प्रेरित गरिरहने यसको उद्देश्य देखिन्छ । टिपिडीको तालिम प्याकेज १० दिनको छ । जसमध्ये पाँचदिन शिक्षकले स्वाध्यायनमा विताउनु पर्छ । प्रत्येक शिक्षकले पाँच वर्षभित्र तीन पटक टिपिडी लिने अवसर पाउने छन् । शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रमा माध्यमिक तह तथा स्रोत केन्द्रहरुमा आधारभूत तहमा शिक्षकलाई टिपिडी तालिम दिने गरिएको छ । अघिल्लो वर्ष देश भरीका ३० हजार  शिक्षकलाई टिपिडी कार्यक्रममा सहभागी गराइएको सरकारी आँकडा भेटिन्छ । यस वर्ष करीब ९२ हजार शिक्षक यसमा सहभागी हुने अनुमान शैक्षिक जनशक्ति विकास केन्द्रले गरेको छ ।

सरकारले शिक्षकका लागि विभिन्न कालखण्डमा विभिन्न नाममा सेवाकालिन तालिम दिदै आएको छ । २०२८ सालयता मात्रै शिक्षक तालिममा १५ करोड डलर खर्च भएको शै.ज.वि.के केन्द्र को आँकडाले देखाउँछ । यद्यपी तालिममा सिकेको ज्ञानलाई शिक्षकले अपेक्षित मात्रामा कक्षाकोठा सम्ममा पुऱ्याउन सकेको भने पाइदैन । अध्ययन अनुसन्धानहरुले पनि तालिमले दिएका शिक्षण सीपको ५० प्रतिशत अंश मात्रै कक्षामा  पुगेको देखाउने गरेका छन । टिपिडी कार्यक्रममा पनि विगतकै नियती दोहोरिनु नदिनु टिपिडीको व्यवस्थापकीय पाटोमा मात्रै सुधार गरेर पुग्दैन, शिक्षकले पनि आफ्ना कमजोरी र प्रवृत्ति सुधार गर्न अग्रसर हुनपर्ने देखिन्छ ।

स्रोतव्यक्ति र रोष्टर प्रशिक्षकहरुका अनुसार कतिपय शिक्षकहरु आफ्नो कमजोरी प्रकट होला भन्ने डरले कक्षा शिक्षणका वास्तविक समस्यालाई टिपिडीको माग फारममा उल्लेख गर्न नै चाहदैनन् ।

उनीहरुको त्यस्तो प्रवृत्ति तालिम कक्षामा समेत दोहोरिने गर्छ । प्राथमिक तहका शिक्षकमा यस्तो कमजोरी बढी रहेको प्रशिक्षकहरुको अनुभव छ ।

कक्षामा पढाँउदा परेको खास समस्यालाई नोट गरेर राख्ने र त्यसैलाई माग फारममा उल्लेख गर्ने अभ्यास शिक्षकले जति सक्रिय रहन्छ, उसले त्यती नै बढी ज्ञान प्राप्त गर्न सक्ने हो । त्यसतर्फ शिक्षकले आफ्नो रुचि र चासो उत्तिकै बढाउनुपर्ने आवश्यकता छ । तालिममा सिकेका शिक्षण सीपलाई कक्षाकोठामा  पनि लागू गर्ने सवालमा सबैभन्दा बढी जिम्मेवार शिक्षक हो  र त्यसमा ऊ गम्भीर नबन्दासम्म उसलाई कसैले पनि सघाउन र सुर्धान सक्दैन ।

टिपिडी को तालिम हब अर्थात स्रोतकेन्द्रहरुमा  शिक्षण तथा स्रोत सामग्रीको पनि अभाव रहेको पाइन्छ । तालिम केन्द्रमा केही हदसम्म शिक्षण सामग्रीहरु रहेपनि स्रोतकेन्द्रहरु त्यस्ता सामग्रीको यथेष्ट पहुँच भन्दा बाहिरै छन् । यसले स्रोतकेन्द्रमा सञ्चालित तालिम कक्षा प्रयोगात्मक प्रदर्शनात्मक हुनुको साटो छलफल मुखी बन्ने गरेका छन् ।

टिपिडीले शिक्षकको जाँगर जगाउन सहयोग पुऱ्याए पनि यो कार्यक्रम समस्यायुक्त भने छैन । टिपिडी शुरु भएको एक वर्ष वितिसक्दा पनि शिक्षकलाई यसबारे राम्रोसँग बुझाउन सकिएको छैनन् । टिपिडीका लागि शिक्षकले भरेका माग फारमका केही प्रतिहरु हेर्दा पनि त्यस्तो कमजोरी झुल्किन्छ । यस कार्यक्रमले पिसीएफ, निजी स्रोतका शिक्षकहरुलाई तालिम लिने अवशर बाट बञ्चित गरेको छ । त्यस्तै बजेट, निकासामा ढिलाई, तालिम , भत्ता पर्याप्त नहुनु, माग संकलन गर्दा समस्या हुनु यस कार्यक्रममा समस्याका रुपमा रहेको पाइन्छ (आयाम, २०६८) ।

विभिन्न परिमाणहरुले के देखाएको छ भने शिक्षक तालिमको खातिर एक वर्षे वि.एड.वढी प्रभावकारी छ । विश्व विद्यालयमा अध्ययन गरेका शिक्षकहरु पाठयोजना बनाउन, पाठ प्रस्तुतिकरण गर्न शिक्षणसँग सम्बन्धित कार्यहरु गर्न निपूर्ण प्रस्तुतीकरण गर्न शिक्षणसँग सम्वन्धित कार्यहरु गर्न निपूर्ण छन् तर तुलानात्मक रुपमा श्रव्य दृश्य सामाग्री निर्माणको छन् तर तुलनात्मक रुपमा श्रव्य दृश्य सामाग्री निर्माणको सम्वन्धमा भने कमजोर देखिन्छन् । विश्व विद्यालयको श्रव्य दृश्य सामाग्री निर्माण र शिक्षण विधिमा विशेष जोड दिनुपर्छ (खान, २०४५) ।

शिक्षण कलाका प्रभावकारी तत्व शैक्षिक सामाग्रीको प्रदर्शन र यसको उचित प्रयोग हो । शैक्षिक सामाग्रीको प्रदर्शन र प्रयोग अनि शिक्षण सिकाई कियाकलाप वीच अन्योन्न्याश्रित सम्वन्ध छ । तसर्थ शैक्षिक सामाग्रीको प्रयोजन  उचित समयमा उचित किसिमले गर्न सकेमा मात्र शिक्षण सिकाइ प्रभावकारी हुने हुनाले यसबाट गुणस्तरिय शिक्षाको अपेक्षा राख्न सकिन्छ । पाठको उदेश्य प्राप्तिमा सघाउ पुऱ्याउन शैक्षिक सामाग्रीको संकलन, प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नुपर्दछ । शैक्षिक सामाग्रीको निर्माण मूलत : सस्तो सुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनुपर्दछ ताकी त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् । शैक्षिक सामाग्री रमाइलो मात्र नभई वालवालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने प्रवृत्तिको हुनुपर्दछ । शैक्षिक सामाग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँदछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइ राखेको हुन्छ । कक्षा शिक्षणमा शब्दै शब्दको प्रयोग गरेर मुखैले मात्र शिक्षण गर्दा विषयवस्तुको प्रयोग वालवालिका को हिसावले बढी रुचिकर हुन्छ । शैक्षिक सामाग्रीको अभावमा शिक्षकलाई शिक्षण गर्न कठिन हुने मात्र नभई वालवालिकाका लागि सिकाई अरुचीकर हुन्छ । उपयुक्त विषयवस्तुहरुमा उपयुक्त शैक्षिक सामाग्रीको प्रयोगबाट विषयको धारणा स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र नक्सा, नमूना (Model) को अवलोकन र सामाग्री बनाइएमा शिक्षण ज्ञान वर्धक र अनुभव प्राप्त हुन सक्छ । यसरी समुचित शिक्षण सामाग्रीको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्ट्रिय उदेश्यले गुणस्तरीय शिक्षाको जुन अपेक्षा गरेको छ त्यो पूरा हुन सक्छ, (पौडेल, २०५९) ।

शिक्षण सिकाई प्रभावकारी बनाउनमा शैक्षणिक सामाग्री तथा तालिमको उपादेयता : गुणात्मक शिक्षाको निम्ति शिक्षकमा सोही अनुरुपको गुण चाहिन्छ र गुणात्मक तालिम नभई आशा गरे अनुरुपका शिक्षकहरु शिक्षा प्रणालीले पाउन सक्दैन । हाम्रो मुलुकमा शिक्षक तालिमलाई ठुलो महत्व दिइ यसमा प्रशस्त लगानी गरिए तापनि तालिमबाट सन्तोषजनक परिमाण हासिल गर्न सकिएन भने गुनासो सुनिएको छ । यसर्थ सम्वन्धित संस्थाहरुले तालिम प्रभावकारी बनाई यसबाट विद्यालयका कक्षाकोठा उपयोग गरी वालवालिकालाई नवीनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा मुलुकले कल्पना गरे अनुरुपको सक्षम जनशक्ति प्राप्त गर्ने आशा गर्न सकिन्छ । तालिम प्राप्त शिक्षकबाटै स्थानीय तथा कम मूल्यका शैक्षणिक सामाग्रीहरुको अत्याधिक मात्रामा उपयोग हुन सके

विश्वका वालवालिका सँग हाम्रा वालवालिका कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ , (हाडा, २०७०) ।

शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षामा भित्राउने प्रस्ताव : प्रत्येक शैक्षिक संस्थामा एउटा श्रोत केन्द्र विकास गरौ यसमा निम्नानुसारका शैक्षिक सामाग्रीहरु उपलब्ध हुन सक्छन् । शिक्षण प्रविधि र नव प्रवर्तनलाई कक्षामा भित्राउने प्रस्तावको रुपमा प्रत्येक शैक्षिक संस्थामा एउटा स्रोत केन्द्रको विकास गरेर त्यस स्रोत केन्द्र विविध शैक्षिक सामग्रीहरु उपलब्ध हुन सक्दछन् । जस्तै : शिक्षक निर्देशिकाहरु, जर्नलहरु, पत्रपत्रिका काटेर राखेका फाइलहरु, तालिम सामग्रीहरु, स्वअध्ययन सामग्रीहरु शैक्षिक तथ्याङ्कहरु विधुतिय औजारको रुपमा रेडियो टेप रेकर्डर, कम्प्युटर, ओभरहेड प्रोजेक्टर, विधुतीय तार चुम्वकिय पाटी ।

धेरै प्रयोगमा आउने विरुवा -गमला) लाई वास्तविक नमुनाहरुको रुपमा लिन सकिन्छ । काठको सामग्रीहरु ब्लकहरु, फ्लेकहरु, लिष्टीहरु सनमाइका, प्लाइका टुक्राहरुलाई शैक्षिक सामाग्रीको निर्माणमा प्रयोग गर्दा प्रभावकारी हुने हुनाले उक्त सामाग्रीहरु उपलब्ध हुन सक्छन् । ड्रोइङ, पेपर मार्क, टेप पोष्टर पेपर, क्लीप आदिलाई रेखा चित्र सम्वन्धी सामाग्रीको रुपमा उपलब्ध हुन्छन् । डिस्प्ले वोर्ड, जाली वोर्ड (रोमाञ्चक), कटर, हिटर, हतौडा, आरा, ड्रिलिङ मेसिन आदि औजारहरु उपलब्ध हुन्छन् । विद्यार्थीहरुले निर्माण गरेका उत्कृष्ट चित्र र नमूनाहरु प्रश्नहरुका संकलनहरु, घटना अध्ययन, कार्यमूलक अनुसन्धानका प्रतिवेदनहरु, सिकाईमा प्रयोग हुने तस्वीरहरु र परियोजना कार्यका प्रतिवेदनहरु पनि त्यस शैक्षिक सामाग्रीको रुपमा उपलब्ध हुन्छन् (सापकोटा, २०६२) ।

जनतासँग धेरै प्रविधिहरु छन् । हामीले अनुभव नगरेका प्रविधिहरु । विरुवा चिन्ने प्रविधि छामेर चिन्ने, दाँजेर चिन्ने यो चिन्ताले वनस्पतिशास्त्रको जनप्रविधि खोज्ने बाटो दिन्छ । उसको उपयोगिता पहिल्याउने विधि दिन्छ । वाखालाई के मानेमा उपयोगी हुन्छ भनी खोज्ने विधि हामीलाई के मा भन्ने विधि । खल्तीमा के प्रविधि छ भनी खोज्ने विधि । यस अर्थमा जनँदैलोमा अनेकौं प्रविधिहरु छन् । दुईमुखे चुलोबनाउने प्रविधि, खप्पा हिटर बनाउने प्रविधि तीन खुट्टे ओदान बनाउने प्रविधि, सेला सुकाउने ताड बनाउने प्रविधि, हिमाली भेगको घर तताउने प्रविधि बच्चाले फिर्फिरे बनाउने प्रविधि, डोको, स्याखु, ढुक्की र घुमको गणित त्रिभुज र चर्तुभुजको गणित, डालाको गणित, छैटिको गणित यसरी गणित र विज्ञान घरघरमा छ । जनस्तरमा भाषा सिकाइमा अर्को प्रविधि छ । नरम

प्रविधि कसरी सिक्छन् वच्चाले भनी खोज्ने प्रविधि । कसरी हामीले सिक्यौ भन्ने प्रविधि । कसरी थोरै शब्दले सिक्यौ भन्ने प्रविधि कसरी भाषान्तर गर्न सिक्यौ भन्ने प्रविधि ।

माथिको छलफलमा मैले एउटा मान्यता स्थापित गरे । प्रविधि गाँउघरमै छ भन्ने मान्यता घरघरमा छ भन्ने मान्यता ती प्रविधिहरुलाई विद्यालयमा ल्याउनु पर्छ भन्ने मान्यता । विद्यालयमा ल्यायौँ भने हाम्रो शिक्षा स्वतः सान्दर्भिक हुन्छ भन्ने मान्यता । व्यवहारिक हुन्छ भन्ने मान्यता, (कोइराला, २०६४) ।

स्थानिय स्रोतवाट शैक्षिक सामग्रीको विकास नामक लेखमा शैक्षिक सामग्रीको माध्यमद्धारा विद्यार्थीहरुले व्यवहारिक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतीको योजना कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीहरुलाई घोकाउने प्रवृत्ती विस्तारै घट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलब्ध गराउन जोड दिइएको हो र यसको प्रयोगबाट कृयाकलापयुक्त अध्यापन व्यवहारमा आएको सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धि र निर्माणको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकोले शिक्षकको कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग अति आवश्यक छ, शैक्षिक सामग्री भन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ, जसको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरुको मनमा चिरस्थायि राख्न मद्दत होस. । उनिहरु सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरुन्, सृजनात्मक प्रतिभाको विकास गर्न सकुन् विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी बसाल्नुका साथै पठन पाठन क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिएको छ । आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा शैक्षिक सामग्रीको प्रयोग एक अनावश्यक आर्थिक बोझ हो भन्ने भनाई कहीँ कहीँ सुनिन्छ । हुन पनि यदि विद्यालयहरुमा रहेका शैक्षिक सामग्री तिर ध्यान दिने हो भने हामीले धेरै सामग्री विदेशी हुनका साथै खर्चिला पनि पाउछौँ । जसले गर्दा धेरै कम शिक्षकले मात्र प्रयोगमा ल्याएको पाइन्छ । यसरी शैक्षिक सामग्रीमा क्षमता भन्दा बढी खर्च हुनु र त्यसको प्रयोग पार्न कम भइदिनाले राष्ट्रिय शिक्षा पद्धतीको योजनाले राखेको उद्धेश्य प्राप्तिमा केही वाधा परेको देखिएको छ । यस समस्यालाई दृष्टिगत गरी विभिन्न शैक्षिक निकायहरुबाट विकल्पहरुको खोजी जारी छ । यो खोजीनीतिको सिलसिलामा शैक्षिक सामग्रीको विकासमा स्थानिय स्रोतलाई परिचालन गर्ने प्रयास भइरहेको छ । विदेशी, बढी मोल पर्ने उच्च

स्तरका शैक्षिक सामग्रीहरु प्रयोगमा ल्याउनु भन्दा स्थानिय प्रयासबाट निर्मित सुपथ मूल्यको शैक्षिक सामग्रीहरुलाई बढी जोड दिनुपर्ने कुरा सर्वमान्य भइसकेको छ । झन् त्यसमा पनि विद्यार्थी र शिक्षक दुवैले मिलि सँयुक्त प्रयासबाट योजनावद्ध ढंगले निर्माण गरिएको शैक्षिक सामग्रीको प्रयोगले पठन पाठनलाई बढी प्रभावकारी बनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानिय सामग्री सरल, चिरपरिचित हुनुका साथै सजिलै पाइने हुनाले यस्ता शैक्षिक सामग्रीको सदुपयोगबाट विद्यार्थीहरुमा बढी सकारात्मक प्रभाव पार्दछ, (मालाकार, २०६३) ।

शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग विषयसँग सम्वन्धित साहित्यहरुको पूनरावलोकन गर्दा शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगको अवस्था बारेमा जानकारी प्राप्त भएको थियो । विद्यार्थीको उपलब्धीस्तरमा वृद्धि गर्ने हेतुले शिक्षकहरुको पेशागत दक्षतामा वृद्धि गर्न सरकारले बर्सेनी ठूलो लगानी शिक्षकहरुको तालिममा खर्चगर्ने गरेको भएतापनि शिक्षकहरु तालिमलाई भत्ता र खाजासँग मात्र दाँजेर हेर्ने गर्दथे । त्यसैले तालिममा सिकेका नयाँ नयाँ ज्ञानहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउने कारणले गर्दा सरकारले आवश्यकतामा आधारित मागमा आधारित TPD तालिम कार्यक्रमलाई ल्यायो । वास्तवमा यो तालिम शिक्षक स्वयंलाई शिक्षणको बेलामा परेको समस्यालाई तालिममा छलफलको माध्यमबाट समस्या समाधानका उपायहरु पहिल्याउने भएकोले यो तालिम अघिल्ला तालिमहरु भन्दा तुलनात्मक रुपमा प्रभावकारी भएको छ । तथापी पनि ५ दिने कार्यशालामा शिक्षकहरुले राम्रा राम्रा शैक्षिक सामग्रीहरुको निर्माण गर्दछन् । छलफल गर्दछन् तर ५ दिन पछि विद्यालयमा पुगेपछि त्यो कहिल्यै प्रयोगमा ल्याउन चाँहदैनन् । र TIP निर्माण प्रतिवेदन, घटना अध्ययन निर्माण गर्न झन्झट ठान्दछन् । त्यसैले जति मात्रामा सरकारले शिक्षा क्षेत्र र टिपिडि तालिमको लागि समय र आर्थिक रुपमा ठूलो धनराशी खर्च गरेको भएतापनि उपलब्धी भने सन्तोषजनक नरहेको पाइयो ।


**२.२. अध्ययनको सैद्धान्तिक खाका**

शोध अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तहरुको आधार लिन जरुरी हुन्छ । स्वीकृत भएका तथ्य वा सिद्धान्तमा आधारीत कुनै पनि नयाँ तथ्यहरु विश्वसनिय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाइरहेका कुराहरु  स्थापित सिद्धान्तहरुबाट प्रमाणीत भएकै हुनुपर्दछ । सही र वास्तविक तथ्यहरुको सहयोग बाटनै समस्याको  समाधानका उपायहरु पत्ता लगाउन सम्भव हुन्छ । यसै कुरालाई मध्यनजर गरी शिक्षकको पेसागत विकासमा तालिमको प्रयोग  शिर्षक चयन गरी  अध्ययन गर्न लागिएको प्रस्तुत शोध पत्रलाई पनि पूर्णता प्रदान गर्ने

दृष्टिकोणले George Elton Mayo (1880-1949) र Mery parker follet (1868-1933) द्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तलाई आधार बनाएर अध्ययन गरिनेछ । एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिको व्यक्तित्वसँग पारस्पारिक सम्बन्ध हुने सबै सामाजिक विज्ञानहरुको अध्यापनमा जोड दिदै उद्देश्यहरु पूर्ती गर्न एकले अर्कोलाई राम्रो रुपमा चिन्नु पर्दछ । त्यसैले मानव सम्बन्ध घनिष्टता मानव व्यवहार तथा आचरणमा भर पर्दछ ।

व्यवस्थापनको कार्यकुशलताको आधारमा व्यवस्थापकको प्रभावकारीता निर्भर पर्दछ । व्यवस्थापन सामुहिक कार्य भएतापनि व्यवस्थापकले उच्च तहमा बसेर मध्यस्तरीय र निम्न स्तरीय व्यवस्थापकलाई सही रुपमा परिचालन गर्नुपर्दछ । सुमधुर सम्बन्ध, समन्वय, मूल्याङ्कन, नियन्त्रण, सफल र सबल नेतृत्वको आधारमा संगठनलाई निर्धारित लक्ष्यतर्फ लैजाने दायित्व व्यवस्थापकको हुन्छ । राम्रो व्यवस्थापकले सहभागितामूलक निर्णय गर्दछ । प्रजातान्त्रिक प्रक्रिया अपनाई कार्य गर्दछ । आवश्यक पर्दा जे जस्तो निर्णय गर्न परेपनि डराउदैन । काम, कर्तव्य र अधिकारको विवेकपूर्ण प्रयोग गर्दछ । सही ढंगले लेखाजोखा गर्ने परिचालन गर्ने, मूल्याङ्कन गर्ने गर्दछ ।

यसका लागि मैले मास्लोको अभिप्रेरणाका सिद्धान्तलाई आधार मानी यी आधारलाई मास्लोले निम्नलिखित मान्यता देखाएका छन् ।




श्रोत :(कोइराला, विद्यानाथ, कोइराला र श्रेष्ठ चन्द्रबहादुर)

(MIS & HRM-2067)

मास्लोको सिद्धान्त अनुसार यदि शिक्षकलाई उत्प्रेरित गर्ने हो भने उसका पाँच तहका आवश्यकताहरु पूरा गर्नुपर्नेहुन्छ । पहिलो तहमा शिक्षकका आधारभूत भौतिक आवश्यकता (गाँस, बास, कपास), दोस्रो तहमा सुरक्षा, तेस्रो तहमा सामाजिक प्रतिष्ठा, इज्जत, चौथो तहमा केही गरु र देखाउँ भन्ने चाहना, पाँचौ तहमा केही रचनात्मक ज्ञान हासिल गरौ र समाजलाई योगदान गरेर छोडौ भन्ने चाहना हुन्छन् । उपरोक्त चाहना पूरा गर्न सकेमा मात्र समर्पित भई काममा लाग्छ त्यसैले शिक्षकलाई उत्प्रेरित गरी हजवर्गको सिद्धान्त अनुसार व्यक्तिलाई सन्तुष्टराख्ने तत्वमा कमी भयो भने उसको कार्य सम्पादन घट्छ । उत्प्रेरति गर्ने तत्व भन्नाले शिक्षकलाई सम्मान गर्ने, कदर गर्ने, विश्वास गर्ने, कामको जिम्मा दिने, उपलब्धिको प्रशंसा गर्ने आदी जसको उपलब्धतामा उनीहरु निरन्तर उत्प्रेरित भएर काम गर्दछन् । उत्प्रेरित हुनका लागि असन्तुष्टिको निवारण हुनु, आवश्यक हुन्छ । (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६२) ।

यस अध्ययनमा सिक्ने र सिकाउने कार्यमा जोड दिएको हुनाले अध्ययनलाई सिकाई सिद्धान्तसँग सम्बन्धित बनाइएको थियो । मनौबैज्ञानिक वि.एफ. स्किनर (१९०४) द्वारा प्रतिपादित कार्यमूलक अभ्यस्तताको पुनर्वलीय सिकाइ सिद्धान्तलाई आधार बनाई अध्ययन सम्पन्न गरिएको थियो ।

यस अध्ययनमा केही मनौवैज्ञानिकहरुका सिकाइ सम्बन्धी चिन्तनहरुलाई पनि आधार बनाई तथ्याङ्क विश्लेषण गरिन्छ । सैद्धान्तिक चिन्तन र व्यवहार बीचको अन्तर सम्बन्धबाट सिकाईमा देखिएका समस्याको पहिचान गर्न सकिने विश्वास लिइएको छ । जस्तै प्रकृतिवादी रुसोको अनुसार “प्रत्यक्ष अनुभवबाट आएको सिकाई स्वतन्त्र एवं प्रतिपादित वातावरणबाट प्राप्त व्यवहार नै उत्तम हुन्छ” ( शर्मा, २०५७ : १९१) ।

त्यसैले मरिया मन्टेस्वरीका अनुसार ज्ञानेन्द्रियको तालिम नै सिकाई हो । यस अनुसार शिक्षण सिकाईमा शैक्षिक सामग्रीको रुपमा मानव शरिरमा भएका ज्ञानिन्द्रेयहरु जस्तै आँखाले देखेर, छालाले स्पर्श गरेर, नाकले सुघेँर कानले सुने र जिब्रोले कुनै बस्तुको स्वाद लिएर सिकाई सिकिन्छ । मनोवैज्ञानिक हर्लकका अनुसार तत्परता, परिपक्कता र रुची अनुकुलको सिकाइको आधारमा अर्न्तनिहित क्षमताको विकास हुन्छ (शर्मा, २०५६ : ४३) ।

यस तथ्यलाई यस अध्ययनमा, बालबालविकाको शारीरिक विकास र सिकाई स्थितीसँग तुलना गर्न सकिने मान्यता राखिएको छ । त्यसैले यस अध्ययनमा सिकारुका लागि सिकाई विधि तथा पद्धतिमा शिक्षण सिकाइमा देखिन्छ । समस्याहरु र समाधानका उपायलाई प्रष्टाउने प्रयास गरिएको छ ।

## २.३. पूनरावलोकनको उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकनबाट "शिक्षकको पेशागत विकास तालिमले शैक्षिक सामाग्री निर्माण र प्रयोगमा पारेको प्रभाव" विषयमा सम्वन्धित लेख रचनाहरु के के रहेछन् त्यसको अध्ययन गर्ने सवालमा कुन कुन पक्षमा अध्ययन गर्नुपर्दछ । कुन कुन पक्षका तथ्याङ्कहरु संकलन गर्ने साथै यस भन्दा अगाडिका लेख रचना वा अनुसन्धानको विद्यालय तहमा शैक्षिक सामाग्री निर्माण र प्रयोगको लागि अनुसरण गरिएका छन् कि छैनन् भन्ने पक्षमा जानकारी हासिल गर्न पनि मद्दत पुग्दछ ।

शिक्षा नियमावली, शिक्षकको पेशागत विकास कार्यान्वयन पुस्तिका र अग्रजहरुको शोधपत्रको अध्ययनले यस अध्ययनका बारेमा विगतमा भए गरेका कार्यहरु अर्थात विगतमा भएका तालिमहरुको बारेमा विगतमा शैक्षिक सामाग्री निर्माण र प्रयोग तथा टिपिडी तालिम पश्चात शैक्षिक सामाग्री निर्माणमा कस्तो प्रभाव पऱ्यो साथै यिनिहरु कति प्रभावकारी रुपमा कक्षामा प्रयोगमा आए भन्ने बारेमा जानकारी उपलब्ध भयो । विभिन्न समयमा प्रकाशित पत्रपत्रिकाहरु लेख, रचना तथा विज्ञप्ती, शोधपत्रहरुबाट शैक्षिक सामाग्रीहरु निर्माण तथा प्रयोगमा देखिएका समस्याहरु खोजी गर्न सहयोग भयो । यसैगरी शिक्षकको पेशागत विकास कार्यान्वयन पुस्तिका र शै.ज.वि.के. बाट प्राप्त प्रतिवेदनहरुको अध्ययनले शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगमा देखिएका समस्याहरु समाधान गर्ने उपायहरुका अनुसन्धानात्मक प्रश्नावलीहरु तयार गर्न सहयोग भयो । साथै सिद्धान्त चयन गर्न र सैद्धान्तिक विचलन हुनबाट रोकी अनुसन्धानको ढाँचाको छनौट गर्न त्यसभन्दा अगाडिका शोधकर्ताहरुको शोधपत्रले सहयोग पुरायो । यस भन्दा अगाडिका शोधकर्ताहरुको शोधपत्र र विभिन्न जर्नलहरुबाट शोधप्रस्तावना तयार गर्ने तरिका अनुसन्धान तथा अन्तर्वाता प्रश्नावली निर्माण गर्ने तरिका अध्ययन गर्ने तरिका समस्याको कथन, अध्ययनको कममा प्रयोग हुने उद्देश्य अनुसन्धानको ढाँचा, जनसंख्या छनौट, तथ्याङ्क संकलन व्याख्या विश्लेषण र अनुसन्धानात्मक प्रश्नावली तयार गर्ने जस्ता कार्यहरुका लागि मार्ग निर्देशन उपलब्ध भयो ।

# परिच्छेद तीन

# अध्ययन विधि

निश्चित योजना तथा रणनीति विना अनुसन्धान कार्य अगाडि बढाउन सम्भव हुदैन । यदि अनुसन्धानलाई निश्चित लक्ष्य सम्म पुऱ्याउने हो भने पूर्वयोजना वा तयारी गर्नु आवश्यक पर्दछ । कुनै पनि अनुसन्धान सँग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकाबाट अपनाइएको अनुसन्धानको प्रक्रियानै अध्ययन विधि हो । यस परिच्छेदमा अनुसन्धान कार्यलाई गुणात्मक वा संख्यात्मक कुन रुपबाट अगाडि बढाउने, जनसंख्या आधार कुन क्षेत्रमा लिने, तथ्याङ्क संकलनका स्रोतहरु कुन कुन हुन् ? प्राप्त तथ्याङ्कको विश्लेषण कसरी गर्ने जस्ता पूर्व तयारी सोच उल्लेख गरिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानको विषय शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगमा केन्द्रित रहेको छ । यस अध्ययनको लागि संभावना रहित नमुना छनौट विधि अन्तर्गत उदेश्य पूर्ण नमूना छनौट विधिको आधारमा विद्यालयहरुको छनौट गरी गुणात्मक अनुसन्धान ढाचाँको रुपमा अध्ययन गरिएको छ ।

यस अध्ययनमा चितवन जिल्लाको पिठुवा स्रोत केन्द्र अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरु विद्यार्थीहरु प्र.अ. रोष्टर प्रशिक्षक तथा स्रोत व्यक्तिलाई समावेश गरिएको छ ।
यस अध्ययनमा टिपिडी कार्यक्रमले शिक्षकको पेशागत तालिमको प्रयोगको बारेमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा पारेको प्रभावका बारेमा शैक्षिक सामग्रीको निर्माण र प्रयोगको वर्तमान अवस्था, शैक्षिक जनशक्ति विकास कार्यक्रमले यस तालिम सम्बन्धमा राखेका योजनाहरु, तालिम अवधिभर सञ्चालन हुने तालिम सम्बन्धी गतिविधिहरु र क्रियाकलापको अवलोकन, तालिमसँग सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट, प्रश्नावली, अन्तरवार्ता तथा विद्यालयको शैक्षिक सामग्रीको वर्तमान स्थिती र तालिम प्राप्त शिक्षकहरुबाट सञ्चालन भएका कक्षा अवलोकन गर्ने आदिलाई आधार मानी अध्ययन गरिएको थियो । यसबाट प्राप्त हुने तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरी गुणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### ३.२. अध्ययनको जनसङ्ख्या र नमूना छनोट

यो अध्ययन गुणात्मक अध्ययन भएकोले यस विषयको अध्ययन कार्यलाई अघि बढाउन सम्भावनारहित नमूना छनौट गरिएको थियो । यस अध्ययनमा चितवन जिल्ला पिठूवा स्रोतकेन्द्र लाई प्रमुख स्रोत मानी हाल सम्म चितवन जिल्लामा तालिम लिएका शिक्षकहरु पिठूवा स्रोतकेन्द्रका २०६७/०६८ मा तालिम लिइसकेका तालिम प्रशिक्षार्थी मध्येबाट १० जना, रोष्टर प्रशिक्षक २ जना, प्र.अ. ४, विद्यार्थी ८ जना र १ जना श्रोत व्यक्ति गरी जम्मा २५ जनालाई नमूना छनौटको आधारमा गरिएको थियो । उक्त कार्यको लागि पृथ्वी उ.मा.वि. जुटपानी नि.मा.वि. जुटपानी बजार, प्रस्तावित मा.वि. रेडक्रसग्राम, नि.मा.वि. बनकट्टा पदमपुर लाई उद्देश्य मूलक नमूनाको रुपमा छनौट गरिएको थियो ।

### ३.३. तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनको लागि विद्यालय अवलोकन फाराम र अन्तर्वार्ताको लागि खुल्ला र बन्द प्रश्नावलीहरु तयार पारी सोधिने छ । अन्तरवार्तामा सोधिने प्रश्नावलीहरुलाई अनुसूची १, २, ३, ४, ५, ६, ७ र ८ मा समावेश गरिएको छ ।

तथ्याङ्क संकलनका लागि प्रयोग गरिएका प्रश्नावलीहरुको बैधता थाहा पाउनको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु तथा शोध निर्देशकहरुको उचित सल्लाह, सुझाव लिइएको थियो । साथै उहाँहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको आधारमा प्रश्नावलीहरुको सुधार तथा परिमार्जन गरी प्रश्नावलीहरुको बैद्यता कायम गरी अन्तिम रुप दिइएको थियो र अध्ययनको लागि निम्न अनुसारको साधनको छनौट गरी प्रयोग गरिएको थियो ।

### अवलोकन फारम

नमूना छनोटमा परेका विद्यालयहरुको शैक्षिक सामाग्रीको स्थिति निर्माण र प्रयोग वारे तथ्याङ्क संकलन गर्न रुजुसूचि फाराम (अनुसूची १, २) प्रयोग गरी त्यसको आधारमा स्थलगत अवलोकन गरी गरिएको थियो ।

**अन्तरवार्ता प्रश्नावली**

यस अध्ययनका लागि नमूना छनोट मा परेका विद्यालयहरुमा शिक्षकहरु, प्र.अ., विद्यार्थीहरु, रोष्टर प्रशिक्षकहरु र स्रोत व्यक्तिहरुका धारणा बुझ्नको लागि छुट्टाछुट्टै अन्तरवार्ता प्रश्नावलीहरु अनुसूची ३, ४, ५, ६, ७ मा समावेश गरिएको थियो ।

### ३.४. तथ्याङ्कको स्रोतहरु

यस तथ्याङ्कको स्रोतको रुपमा पिठूवा स्रोत केन्द्रका स्रोतव्यक्ति, टिपिडी रोष्टर प्रशिक्षकहरु, प्रध्यानाध्यापकहरु, शिक्षकहरु, विद्यार्थीहरु रहेका थिए । प्राप्त तथ्याङ्कहरुलाई वैध र विश्वसनीय बनाउन सम्बन्धित आन्तरिक सुपरिवेक्षक समक्ष प्रस्तुत गरी बैधता प्रदान गरिएको थियो ।

### ३.५. तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनमा नमुना छनोट विधिका आधारमा नमुना छनोट गरिएको थियो । अध्ययनमा प्राथमिक र द्धितिय तथ्याङ्कहरु प्रयोग गरिएको छन् । प्राथमिक तथ्याङ्क (अनुसूची १ र २) अवलोकन फारम को आधारमा संकलन गरिएको छ भने आवश्यक द्धितिय तथ्याङ्कहरु विद्यालयको SIP, अभिलेख र दस्तावेजहरुको अध्ययन तथा विश्लेषण गरी प्राप्त गरिएको थियो ।

छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता स्वयं उपस्थित भई (अनुसूची ३, ४, ५, ६, ७) अनुसार तयार गरिएका अनुसन्धान साधनहरुका आधारमा अर्न्तवार्ता प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरिएको थियो । साथै अवलोकन फाराम (अनुसूची १ र २) को आधारमा शैक्षिक सामाग्रीहरुको निर्माण र प्रयोग सम्वन्धि तथ्याङ्कहरु संकलन गरिएको थियो । अध्ययनमा तोकिएको उद्देश्य पूरा गर्नका लागि छनौटमा परेका पिठूवा स्रोतकेन्द्रमा पुगी हालसम्म यस स्रोतकेन्द्रमा सञ्चालन भएका टिपिडी तालिमका बारेमा विस्तृत जानकारी लिइएको थियो । त्यसपछि अन्य विद्यालयहरुमा पुगी आवश्यक जानकारी लिई निम्नानुसार तथ्याङ्क संकलन गरिएको थियो ।

**प्राथमिक स्रोत**

प्राथमिक सूचना संकलनका लागि छनौटमा परेका सबै विद्यालयमा अनुसन्धानर्कता आफै २०६७ सालमा TPD तालिम लिइसकेको शिक्षकहरुसँग सम्पर्क गराइदिनका लागि प्र.अ. सँग अनुरोध गरी

प्र.अ.ले दिएको समयमा पुगी अनुसूची अनुसारको प्रश्नावली भराई तथ्याङ्कको संकलन गरिएको थियो ।

**द्धितिय स्रोत**

यस अनुसन्धानले राखेका उद्देश्यहरु पूरा गर्नका लागि सम्बन्धित विद्यालयमा अनुसन्धानकर्ता स्वयं पुगी सम्बन्धित विद्यालयका प्र.अ. सँग अनुमती लिई शैक्षिक सामग्रीहरुको अवलोकन फारम, तथ्य, टिपोट, स्रोतकेन्द्रको रेकर्डहरुको अध्ययन गरिएको थियो ।

**३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया**

यो अध्ययन गुणात्मक अध्ययन भएको हुँदा सम्वन्धित विद्यालय, प्र.अ., शिक्षक, विद्यार्थी, रोष्टर प्रशिक्षक, स्रोत व्यक्तिबाट प्राप्त गरिएको तथ्याङ्कहरुलाई वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको थियो ।

प्राथमिक तथ्याङ्क प्राप्त गर्न शोधकर्ता आफै विद्यालयमा उपस्थित भएर (अनुसूची ३, ४, ५, ६, ७) को आधारमा अर्न्तवार्ता प्रश्नावली मार्फत शैक्षिक सामाग्री निर्माण कसरी गर्ने गरिएका छन् ? कक्षाकोठामा प्रयोगको अवस्था कस्तो छ ? भन्ने आधारमा तथ्याङ्क संकलन गरिएको थियो र ती संकलित तथ्याङ्कको आधारमा समस्याहरु के के रहेछन् ? शैक्षिक सामाग्री निर्माण र प्रयोग प्रभावकारी रुपमा गर्न के के गर्नुपर्ला भन्ने कुराको व्याख्या र विश्लेषण गरिएको थियो । द्धितिय स्रोत (विद्यालय सुधार योजना, विद्यालय अभिलेख र दस्तावेज) प्रत्येक विद्यालयवाट लिएर त्यसमा उल्लेखित शैक्षिक सामाग्री, पुस्तकालय, विज्ञान प्रयोगशाला अवस्थाको वारेमा तथ्याङ्क संकलन गरी व्याख्या विश्लेषण गरिएको थियो । साथै यस कार्यक्रमको आवश्यकता प्रभावकारिता र यस कार्यक्रमलाई थप प्रभावकारी बनाउने उपायहरुको खोजी गर्नु यस अध्ययनको प्रमुख उदेश्य भएकोले प्राप्त सूचनालाई तालिका, चार्टमा विभाजन गरी व्याख्या एवं विश्लेषण गरिएको थियो ।
संकलन गरिएका तथ्याङ्कहरुलाई तालिकीकरण गरी TPD पूर्वको शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग र TPD पश्चातको वर्तमान अवस्था, समस्या एवं ती समस्याहरुलाई सामाधान गर्ने उपायलाई पहिचान गर्नको लागि तथ्याङ्कहरुको विश्लेषण गरिएको थियो । तथ्याङ्कहरु विश्लेषण गरिसकेपछि त्यसले निकालेको निष्कर्षलाई सूचनाको रुपमा निकालिएको थियो । यसरी निकालिएको

निष्कर्षलाई सुझावको रुपमा दिई अन्य अध्ययनकर्तालाई अध्ययन गर्न सहज प्रदान गर्न सहयोग मिलेको थियो ।

# परिच्छेद चार

# नतिजाको छलफल

शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग विषयको शोध अध्ययनको लागि विद्यालयमा शैक्षिक सामाग्रीको वास्तविक जानकारी हासिल गर्न अभिलेखबाट प्राप्त तथ्याङ्कलाई अवलोकन फाराम तयार पारी प्रत्यक्ष अवलोकन र विद्यालयको SIP वाट लिइएको तथ्याङ्कलाई समेत उपयोग गरिएको थियो । शैक्षिक सामाग्री निर्माण, संकलन, प्रयोग र उचित संरक्षण गर्न चालिएका र चालिन पर्ने कदमको लागि प्र.अ., शिक्षक, विद्यार्थी रोष्टर प्रशिक्षक स्रोत व्यक्ति सँग छुट्टाछुट्टै प्रश्नावली तयार गरी त्यसको आधारमा तथ्याङ्कहरुको संकलन गरिएको थियो । यसरी प्राप्त प्राथमिक र द्धितिय तथ्याङ्कहरुलाई तोकिएका उद्धेश्यहरुको आधारमा निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ शैक्षिक सामग्री निर्माण र प्रयोगमा पेशागत तालिमको प्रभाव

शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगको अवस्थालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ शैक्षिक सामाग्री सम्बन्धी अध्ययन

यस अध्ययनको नमूना छनोटमा परेका ४ वटै विद्यालयहरु (अनुसूची ८) को शैक्षिक सामाग्री सम्वन्धि तथ्याङ्क संकलन गर्न तयार पारिएको अवलोकन फारम (अनुसूची १) प्रयोग गरी शैक्षिक सामाग्रीको विद्यालयमा उपलब्धता, तिनिहरुको प्रयोगको स्थिति र तिनिहरुको संकलन वा निर्माण स्थानीय वा वाह्य रुपमा भएको थियो भन्ने पक्षको अवलोकन गरियो ।

हाम्रो देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) प्रादुर्भाव भएपछि मात्र विद्यालय शिक्षणमा शैक्षिक सामाग्रीको आवश्यकता अनुभव गरिएको हो । रा.शि.प. (२०२८) ले स्पष्ट रुपमा लेखेको छ "आधुनीक वैज्ञानिक ढङ्गको शिक्षणका लागि सकेसम्म बढी शैक्षिक सामाग्री प्रयोग गर्नुपर्दछ यस्ता शैक्षिक सामाग्रीहरु जनक शिक्षा सामाग्री केन्द्र आफैँले तयार पार्नेछ । यस्ता सामाग्री तयार पार्नको लागि नमूना सहितको निर्देशन तयार पारी वितरण गर्ने छ । यो निर्देशन पुस्तिकाहरुले यस्ता सामाग्री कसरी तयार पार्ने भन्ने कुरामा निर्देशन दिनेछन् । शिक्षकहरुलाई आफै शैक्षिक सामाग्री तयार पार्न सक्ने वनाउनको लागि तालिमको व्यवस्था गरिनेछ ।

यस सम्वन्धमा छनोटमा परेका विद्यालयहरुमा मुद्रित सामाग्रीहरु एवं बजारमा तयारी गरिएका शिक्षण सामाग्रीहरु अधिक प्रयोग गरेको पाइयो । स्थानीय स्तरमा संकलन वा निर्माण गर्न सकिने

सस्तो तथा खेर जाने साधनहरुको प्रयोग त्यति नभएको पाइयो । त्यसै गरी श्रव्य सामाग्रीहरुको प्रयोगमा त्यति नभएको पाइयो । त्यसैगरी श्रव्य सामाग्रीहरुको प्रयोगमा छानिएका विद्यालयहरुमा रेडियो एवं टेपरेकर्डर रहेको पाइयो तर हाल रेडियोको प्रयोग नभएको पाइयो ।

अध्ययनको कममा सबै विद्यालयका प्र.अ.हरुले शिक्षण सिकाइलाई व्यवस्थित, रोचक, सरल, सिलसिलावद्ध प्रभावकारी बनाउन अध्यापन एवं अध्ययन कोठा शैक्षिक सामाग्रीले सुसज्जित भए अत्यन्तै उपयोगी हुने अभिव्यक्ति व्यक्त गरेता पनि शिक्षण सामाग्रीको वढि प्रयोग, परिचालन, संरक्षण, निर्माण एवं सम्वर्द्धनका खासै कार्यक्रम पहल हुन नसकेको स्वीकार गर्दै हाल यस प्रयोगमा भने सुधार आएको कुरा व्यक्त गरे यस्तै कममा शिक्षकहरुसँग भएको छलफलमा यो तालिम लिनु नदिए पनि हाल आएर पाठले मागे अनुरुप तयारी बजारीया सामाग्री तथा आफ्नो क्षमताले भ्याए अनुसार संकलन, निर्माण गरी प्रयोग गरेको कुरा वताए । यसै कममा विद्यार्थीहरुले पनि शिक्षकहरुले आवश्यक रुपमा शैक्षिक सामाग्रीको प्रयोग गर्ने गरेको र उनीहरुलाई पनि स्थानीय स्तरमा प्राप्त गर्न सकिने शैक्षिक सामाग्रीहरु संकलन गर्न लगाई बढी सजिलो हुने गरेको वताए ।

त्यस्तै प्रशिक्षक तथा स्रोत व्यक्तिहरुका अनुसार शिक्षकहरुमा शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगमा कमिक सुधार आएको वताए ।

यस सम्बन्धमा छनोटमा परेका विद्यालयहरुमा मुद्रीत सामग्रीहरु एवं बजारमा तयारी गरिएका शिक्षण सामग्रीहरु अधिक प्रयोग गर्ने गरेको पाइयो । स्थानीय स्तरमा संकलन वा निर्माण गर्न सकिने सस्तो तथा खेर जाने साधनहरुको प्रयोग त्यति नभएको पाइयो । त्यसै गरी श्रव्य सामग्रीहरुको प्रयोगमा त्यति नभएको पाइयो । त्यसैगरी श्रव्य सामग्रीहरुको प्रयोगमा छानिएका विद्यालयहरुमा रेडियो एवं टेपरेकर्डर रहेको पाइयो तर हाल रेडियोको प्रयोग नभएको पाइयो । अध्ययनको क्रममा सबै विद्यालयका प्र.अ.हरुले शिक्षण सिकाइलाई व्यवस्थित एवं विद्यालयका प्र.अ.हरुले शिक्षण सिकाईलाई व्यवस्थित, रोचक, सरल, सिलसिलाबद्ध प्रभावकारी बनाउन अध्यापन एवं अध्ययन कोठा शैक्षिक सामग्रीले सुसज्जित भए अत्यन्तै उपयोगी हुने अभिव्यक्ति व्यक्त गरेतापनि शिक्षण सामग्रीको बढी प्रयोग, परिचालन, संरक्षण, निर्माण एवं सम्बर्द्धनका खासै कार्यक्रम पहल हुन नसकेको स्विकार गर्दै हाल यस प्रयोगमा भने सुधार आएको कुरा व्यक्त गरे । यस्तै क्रममा शिक्षकहरुसँग भएको छलफलमा यो तालिम लिनु नदिए पनि हाल आएर पाठले मागे अनुरुप

तयारी बजारीया सामग्री तथा आफ्नो क्षमताले भ्याए अनुसार संकलन, निर्माण गरी प्रयोग गरेको कुरा बताए ।

यसै क्रममा विद्यार्थीहरुले पनि शिक्षकहरुले आवश्यक रुपमा शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको र उनीहरुलाई पनि स्थानीय स्तरमा प्राप्त गर्न सकिने शैक्षिक सामग्रीहरु संकलन गर्न लगाई बढी सजिलो हुने गरेको बताए ।

त्यस्तै प्रशिक्षक तथा स्रोतव्यक्तिहरुका अनुसार शिक्षकहरुमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा क्रमिक सुधार आएको बताए ।

**४.१.२ तालिम लिनु अघिको शैक्षिक सामाग्री निर्माण र प्रयोगको अवस्था**

अध्ययनको क्रममा यो तालिम लिनु भन्दा अघि शैक्षिक सामाग्री निर्माणमा खासै राम्रो अवस्था नभएको पाइयो । बढी भन्दा वढी बजारबाट प्राप्त हुने मुद्रित सामाग्रीहरुको प्रयोग निर्माण एवं संकलन गर्ने गरिएको पाइयो ।

शिक्षा नियमावली २०५९ ले स्पष्ट किटान गरी के कस्ता शैक्षिक सामाग्री विद्यालय स्वयं र के कस्ता शिक्षण सामाग्री राज्यले निर्माण गर्ने भन्ने स्पष्टता नभए पनि सामान्यतया केन्द्रिय तह र स्थानीय तह गरी दुई तरिकाबाट अत्यावश्यक सामाग्रीको निर्माण, संकलन र प्रयोग गर्ने गरेको पाइयो । केन्द्रिय तहमा पाठ्यक्रम विकास केन्द्र शैक्षिक जनशक्ति तालिम केन्द्र अनौपचारिक शिक्षा र शिक्षा विभाग रहेको पाइयो भने स्थानीय तहमा क्षे.शि.नि., जि.शि.का. एवं सम्वन्धित विद्यालय रहेको पाइयो । पाठ्यपुस्तक एवं शिक्षक निर्देशिका पाठ्य सामाग्री विषयगत विशिष्टिकरण तालिका जस्ता महत्वपुर्ण कार्य पूरा गर्न केन्द्रिय तह नै सक्रिय हुने गरेको पाइयो । यी केन्द्रिय तहबाट उत्पादित सामाग्रीहरु निर्माण गर्न विषयगत विशेषज्ञ एवं विज्ञ, शिक्षा प्रेमी , शिक्षा विद, राष्ट्रिय अर्न्तराष्ट्रिय सल्लाहकारहरुको वीच आपसी छलफल अन्तरकृया र वैठक वा भेलाबाट हुने गरेको पाइन्छ । स्थानीय तहबाट निर्माण गर्ने शैक्षिक सामाग्रीहरुमा सम्वन्धित विषयगत स्वयं एवं विद्यार्थीहरुको अभिरुचीमा भर पर्ने देखिन्छ ।

केन्द्रिय तहबाट निर्मित शिक्षक सामाग्रीहरु समयमै उपलब्ध हुन नसक्दा विद्यालय एवं विद्यार्थीहरु शैक्षिक सत्रको शुरुमा अन्योलमा पर्ने गरेको पाइएको थियो । यस अध्ययनको क्षेत्र भित्र परेका विद्यालयहरुमा यो तालिम लिनु अघि शैक्षिक सामाग्री निर्माण तथा संकलन कार्य उत्साहजनक ढंगवाट भएको पाइएन । कहिलेकाहि शिक्षक स्वयं जागरुक एवं उत्साहपूर्वक त्यस कार्यमा लागेमा ती सामाग्रीहरु निर्माण गर्नु पुस्तकालय एवं विज्ञान प्रयोगशाला, कक्षा प्रयोग गर्ने गरेको पाइयो । यी विद्यालयहरुमा शिशु, कक्षा १, कक्षा २, कक्षा ३ सम्म प्राय : चित्रात्मक र मूर्त वस्तुहरुको अधिक प्रयोग गर्ने गरेको पाइयो । भने माथिल्ला कक्षाहरुमा त्यसको तुलनामा निकै कम शैक्षिक सामाग्रीको निर्माण एवं प्रयोग गर्ने गरेको पाइयो । साना कक्षाहरुमा आधुनिक एवं वैज्ञानिक विधि एवं शैक्षिक प्रविधिको निर्माण, संकलन र यो तालिम पछि गर्नुपर्ने देखिन्छ ।

कक्षाकोठाको व्यवस्थापन, भौतिक व्यवस्थापन, शिक्षक व्यवस्थापन जस्ता अति नै महत्वपूर्ण पक्षमा ध्यान पुऱ्याउन पर्ने राज्यको दायित्व हुदाँ हुदैं पनि शिक्षा प्रति दिगो एवं स्पष्ट नीति एवं रणनीति अपनाउने गरेको देखिदैंन ।  प्राय : सम्पूर्ण छनोटमा परेका विद्यालयहरुमा देखावटी रुपमा शिक्षक डायरी भएपनि शुरुशुरुमा त्यसको प्रयोग भएको र सायद सम्वन्धित निकायको अनुगमनको अभावले होला त्यसको पनि कम प्रयोगगरी कक्षा अध्यापन पूर्व गर्नुपर्ने दैनिक पाठयोजना तयारी सम्वन्धित मूर्त एवं अमूर्त वस्तुको पूर्व स्मरिकरण समेत गर्ने गरेको नपाइएकोले शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगको अवस्था प्रभावकारी नभएको देखिन्छ ।

छनौट गरिएको विद्यालयमा विषयगत समस्या समाधानका निम्ति समूह निर्माण गर्न समेत सकेको देखीएन । अध्ययन क्षेत्रका सबै शिक्षकहरु तालिम प्राप्त, अनुभवी, योग्य एवं उत्कृष्ट जिल्ला विषयगत शिक्षक रहेतापनि साना भन्दा साना समस्या जस्तै शिक्षण सामाग्रीको निर्माण, शिक्षण विधि एवं नयाँ तौरतरिकाहरु समेतको अवज्ञा हुने गरेको र सो सम्वन्धि विद्यालय प्रशासन मौन रहेको पाइएको थियो । त्यस क्षेत्रका छनोट विद्यालयका प्र.अ. एवं शिक्षकहरु आफ्ना पहल एवं प्रयासका कमीलाई आत्मसात गर्नुको सट्टा अत्याधिक विद्यार्थी चाप, शिक्षणभार, दरवन्दी, आर्थिक कारणहरु नै शैक्षिक उपलब्धिका प्रमुख वाधक हुन् भनी स साना आफ्नो क्षमता अनुसारका गर्न प्रत्यक्ष समेत यो तालिम लिनु पूर्व नगर्ने गरेको ती विद्यालयहरुमा गरेको अन्तरकृया एवं  छलफल भाव हो भन्ने मेरो ठम्माई छ ।

शिक्षकहरुले पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तकको अतिरिक्त आफ्नो विषयसँग सम्वन्धित प्रकाशित एवं अप्रकाशित सामाग्रीहरुको झिनो प्रयोग गर्ने गरेको पाइएको थियो ।

**४.१.३. तालिम पश्चात शैक्षिक सामाग्री निर्माण र प्रयोगको अवस्था**

यस अध्ययनको क्षेत्र पिठुवा स्रोत केन्द्र चितवन अर्न्तगत टिपिडी तालिमको पहिलो चरण २०५ जनाले (आधारभूत तह) स्रोत केन्द्रको भवनमा लिइसकेको पाइयो । सम्पूर्ण शिक्षकहरुको आफू कार्यरत रहेको दरवन्दीलाई चाहिने आवश्यक शैक्षिक योग्यता भन्दा बढी योग्यता भएका शिक्षक शिक्षिकाहरु कार्यरत भएकोले उनीहरुबाट विषयगत रुपमा उत्साहजनक ढंगबाट प्रभावकारी शिक्षण कार्य भएको पाइयो । छनोटमा परेको विद्यालयका शिक्षकहरुमा अधिकांश स्थायी र तालिम प्राप्त लामो शिक्षण अनुभव भएको पाइएको थियो ।

शिक्षणलाई प्रभावकारी तथा दिगो बनाउनको लागि शैक्षिक सामाग्रीको निर्माण गरी प्रयोग गर्नु उचित हुने कुराको ज्ञान सम्पूर्ण शिक्षकहरु सँग नभएको होइन तथापी पनि शिक्षकहरु शिक्षण प्रति त्यति जिम्मेवार नभएको कुरालाई नकार्न सक्ने स्थिति देखिदैंन । तर यो तालिम लिइसके पश्चात भने शिक्षक, प्र.अ., प्रशिक्षक तथा स्रोत व्यक्तिसँगको प्रत्यक्ष अन्तरवार्ताबाट शिक्षकहरुलाई महंगा, बजारिया शैक्षिक सामाग्रीको अत्याधिक प्रयोग भन्दा स्थानीय स्तरमा प्राप्त तथा निर्माण गर्न सकिने सस्तो र पैसा नपर्ने सामाग्रीहरुको संकलन तथा निर्माण गर्ने प्रोत्साहन तथा मनोवल दिने काम यस तालिमबाट प्राप्त गरेको कुरा व्यक्त गरिएको पाइएको थियो ।

यस अध्ययनलाई मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तका खाकाबाट अध्ययन गरिएको थियो । विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गरी शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगलाई उच्च बनाउन वि.व्य.स. पदाधिकारीहरु, प्र.अ. अभिभावकहरु, शिक्षक, कर्मचारी, विद्यार्थी, रोष्टर प्रशिक्षक तथा स्रोतव्यक्तिहरुमा सुमधुर सम्बन्ध भएका सहयोग पुग्ने देखियो । कुनैपनि संगठनमा कार्य गर्नेहरुबीच मानव सम्बन्ध उनीहरुको आवश्यकता भएमा कार्य सम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्यसम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुरालाई यस खाकाले औंल्याएको छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कोलाई चिन्नै पर्छ । यस अनुसार अभिप्रेरणा यस्तो कला हो जो सम्पूर्ण पक्षहरुले बुझेर मात्र व्यवहार गर्नुपर्छ जसको अनुभव र प्रयोगलाई इन्कार गर्न सकिदैन ।

यो अध्ययनको लागि सैद्धान्तिक खाका निर्माण गर्दा जहाँ शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स. बीचमा सौहाद्रता कायम भएमा र तालिम प्राप्त विषयगत शिक्षकहरु उपलब्ध भएमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा राम्रो हुन्छ भन्ने गरिएको थियो । त्यसैगरी 'अभिप्रेरणा सम्बन्धि सिद्धान्त' अनुसार शिक्षकको आवश्यकता बुझेर सोही अनुरुप अभिप्रेरित गर्न सकेमा विद्यालयको प्रत्येक कार्यमा स्वतः स्फूर्त उसको सहभागिता वृद्धि हुन जान्छ । त्यसैगरी एउटा विद्यालयमा काम गर्ने शिक्षकहरुबीच शारीरिक ग्ग्रक्षात्मक, सामाजिक, स्वाभिमानको आत्मबोधको कुराहरु पूरा गर्न सकेमा गुणस्तरीय शिक्षा प्राप्त गर्नमा सहज हुने थियो । उक्त सिद्धान्तको आधारमा विद्यालय जस्तो महत्वपूर्ण सांगठनिक निकायमा विद्यालय परिवारलाई मिलाएर अगाडि बढाउन सकेमा मात्र शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा अभिप्रेरित हुन गई शैक्षिक गुणस्तरमा वृद्धि हुनसक्छ । यिनै सिद्धान्तका आधारमा अभिभावक र शिक्षकको आवश्यकता र चाहना बुझेर विद्यालयले सन्तुष्ट राख्न सकेमा उनीहरुको सक्रियता वृद्धि भई शिक्षक व्यवस्थापन गर्न सहयोग पुग्दछ साथै शैक्षिक सामग्रीको वृद्धि भै विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि हुनसक्छ भन्ने सैद्धान्तिक खाकासंग प्राप्तिहरुको सम्बन्ध रहेको पाइयो ।

### ४.२ शिक्षकको पेशागत विकास तालिमबाट कक्षा शिक्षणमा आएको परिवर्तन

यस तालिम "शिक्षण सुधार योजना बनाउनु पर्ने परियोजना कार्य अनिवार्य र परामर्श सेसन अनिवार्य गरिएकोले शिक्षण सिकाई प्रक्रियामा यो तालिमले प्रभावकारी भूमिका निर्माण गर्दछ । साथै तालिमले प्रयोगात्मक शिक्षण सिकाई र विद्यार्थी केन्द्रित सिकाई गर्न र शिक्षकमा दक्षता सीप, अभिवृद्धि गर्ने र पढ्ने बानीको विकास गर्न मद्दत गर्ने भएकोले कक्षा शिक्षणमा विगतमा भन्दा परिवर्तन आएको कुरा अध्ययनको क्रममा विद्यार्थी, शिक्षक, प्र.अ., प्रशिक्षक तथा स्रोत व्यक्तिहरुले बताएका थिए ।

### ४.२.१ शिक्षकमा आएको परिवर्तन

शिक्षकको पेशागत विकास तालिम लिइसकेका शिक्षकहरुसँगको अन्तरक्रिया र छलफलबाट, विगतका तालिम भन्दा शिक्षकको पेशागत विकास तालिम अत्यन्तै नयाँ प्रकारको तालिम भएकोले यसको प्रयोग गर्न सफल भएको कुरा थाहा भएको थियो । शिक्षकको पेशागत समस्याहरु समाधान भएकोले कक्षा शिक्षण क्रियाकलापमा सुधारमा शिक्षकको पेशागत विकास तालिमले धेरै सजिलो बनाएको आफ्ना लागि आफैँले मानक स्थापना गरी शिक्षणकार्य गर्नुपर्ने भएकोले शिक्षकको पेशागत

विकास तालिमको कक्षा कोठामा प्रयोग गरिरहेको र यसलाई निरन्तरता दिने भनाई अध्ययनमा संलग्न शिक्षकहरुको अर्न्तवार्ता प्रश्नावलीका आधारमा पाइएको थियो ।

### ४.२.२ विद्यार्थीमा आएको परिवर्तन

शिक्षकको पेशागत विकास तालिमबाट शिक्षकहरुलाई स्वायत्त रुपमा आफ्नो व्यवसायको लागि आफैले मानक स्थापना गरी तिनैबाट आफू निर्देशित हुने, शिक्षकहरुले मौजुदा अनुभवलाई गहन प्रयासरत रहने जस्ता प्रतिविम्वित व्यवहार अनिवार्य रुपमा अवलम्वन गर्ने र आफुलाई आवश्यक पर्ने ज्ञान स्वयम्बाट रचना गर्ने अभियान अवलम्बन गर्ने गरेकोले विद्यार्थीहरुलाई पनि यस्तै अभ्यास र अनुभवका लागि तयार गर्न तत्पर रहन्छन् । विद्यार्थीहरुलाई सिक्न कठिनाइ भएको र त्यसै आवश्यकताद्धारा पूर्णत : निर्देशित भई पस्तुत मोड्युलहरु निर्माण गरी सञ्चालन गरिने हुँदा यसबाट सिकारुको रुपमा विद्यार्थीहरुको रुचि र आवश्यकताले सर्वोच्च स्थान पाएको कुरा स्वयं विद्यार्थीहरु सँगको अन्तकृया एवं छलफलबाट पाइएको थियो ।

### ४.२.३ शिक्षकको पेशागत दक्षता अभिवृद्धिमा तालिमको सहयोग

यस अध्ययनको क्षेत्र पिठुवा स्रोत केन्द्र अन्तर्गतका छनोटमा परेका विद्यालयहरुका प्र.अ., रोष्टर प्रशिक्षक र स्रोत व्यक्तिहरुसँग अन्तरवार्ता प्रश्नावलीका अनुसार यस शिक्षकको पेशागत विकास तालिम खास गरी शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्नका लागि केन्द्रित रहेको हुँदा शैक्षिक सामाग्रीको निर्माण र प्रयोगबाट विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गराउन यस कार्यक्रमले विशेष सहयोग गरेको पाइयो । शिक्षण सिकाइ सम्वन्धि तत्कालिन समस्याहरुको पहिचान गर्ने र कारणहरु पत्ता लगाइ समाधान गर्ने तथा शिक्षण सिकाइ अवस्थामा पृष्ठपोषण प्राप्त गर्ने कार्यबाट शिक्षकको पेशागत विकास हुने, यस शिक्षकको पेशागत विकास तालिमले खासगरी कक्षाकोठाको शिक्षण सिकाईलाई बालमैत्री विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी बनाउदै विद्यार्थी केन्द्रित शिक्षण विधि तथा तौर तरिकाहरुको अभ्यासमा शैक्षिक सामाग्रीहरुको निर्माण र प्रयोगको बढी जोड दिएकाले शिक्षकको पेशागत विकास, शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने तर्फ केन्द्रित रहेको प्रक्रिया पाइएको थियो ।

यसैगरी यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयका शिक्षकहरु सँगको अन्तरकियाबाट शिक्षक पेशागत विकास तालिम कार्यक्रम र शैक्षिक सामाग्री निर्माण र प्रयोग

वीचको सम्वन्धको बारेमा, शिक्षकको पेशागत विकास कार्यक्रमको मोड्युलको तालिम कार्यशालामा सहभागी शिक्षकहरुलाई उनीहरुको पूर्वज्ञान तथा अनुभवको बढी भन्दा बढी प्रयोग एवं अनुभव आदनप्रदानको अवशर प्रदान गरी तालिम कार्यशालालाई सहभागी केन्द्रित, अभ्यासमुलक तथा कियाकलापमूखी बनाउने प्रयास गरिएकोले यसबाट सहभागी शिक्षकको तत्कालिन समस्या समाधान नहुनुको साथै उनीहरुमा कक्षा शिक्षण सम्बन्धित शैक्षिक सामाग्री निर्माण सम्बन्धि नयाँ ज्ञान तथा सीपको विकास हुने भएकोले शिक्षकको कार्यदक्षता अभिवृद्धि भई शिक्षकहरुको शैक्षिक सामाग्री निर्माण र प्रयोग गर्ने वानीको विकास भई विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि अभिवृद्धि हुने भएकोले शिक्षकको पेशागत विकास तालिम उत्तम प्रकारको तालिम रहेको प्रतिकिया पाइएको थियो ।

यस अध्ययन मास्लोको अभिप्रेरणा सिद्धान्तमा आधारित रहेर तयार पारिएको हुनाले विद्यालयमा कार्यरत शिक्षकहरुको शारीरिक, सुरक्षात्मक, सामाजिक, स्वाभिमानको आत्मवोधको कुराहरु पूरा गर्न सकेमा मात्र गुणस्तरिय शिक्षा प्रदान भै शैक्षिक उपलब्धीमा पनि वृद्धि हुने थियो । तालिम अवधिमा सिकेका ज्ञान, सीपहरुलाई विद्यालयमा गएर प्रयोग गर्ने वातावरण मिलाइ दिने मुख्य जिम्मेवारी विद्यालय प्रशासनको हुन्छ । तसर्थ शिक्षकहरुलाई पुरस्कार र दण्डको नीति अवलम्वन गराउन सकेमा मात्र तालिमको मूख्य उद्धेश्य पूरा हुने साथै शैक्षिक सामाग्री निर्माण र प्रयोगमा परेको असरहरु समाधान हुने कुरा पाइएको थियो ।

### ४.३ शैक्षिक सामाग्री निर्माण र प्रयोगमा आइपरेका समस्याहरु

कक्षामा पढाँउदा आइपरेका समस्याको सिधै समाधान खोज्न मद्दत गर्ने भएकोले शिक्षकको पेशागत विकास तालिम कार्यक्रमलाई शिक्षकले आफ्ना निम्ति उपयोगी भएको ठानेका छन् । तथापि टिपिडीलाई प्रभावकारी बनाउन यसको व्यवस्थापकिय पाटोमा धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

यो तालिम लिनु अघिको अवस्थाको अध्ययन गर्ने क्रममा शिक्षकहरुको धारणा अघिको अवस्थाको अध्ययन गर्ने कममा शिक्षकहरुको धारणा यस्तो रहेको पाइयो । गणित विषय पढाँउदा विद्यार्थीहरुलाई सजिलोसँग भिन्नको अवधारणा सिकाउन नसकेको महशुस हुन्थ्यो यो उनीहरुकै शब्दमा घोकन्ते सिकाइको नतिजा थियो । पछि यो तालिम लिए पश्चात भने भिन्न सिकाउने उपयोगी तरिका सिकेको बताए । शिक्षकका अनुसार कागजको टुक्रालाई पट्याएर भिन्न रुपहरु अर्थात माथिको अंश तलको हर भनी सजिलोसँग सिकिने तथा सिन्का को प्रयोगबाट जोडेको

अवधारणा बुझाउन सजिलो भएको अनुभव व्यक्त गरे । नेपाली व्याकरण, ऐकिक नियमहरु चित्रको माध्यमबाट सिकाउन सकिन्छ भन्ने ज्ञान नहुँदा शैक्षिक सामाग्रीको प्रयोग नगरेको तर तालिम पश्चात ज्ञान भएकोले प्रयोग गर्न थालेको पाइयो ।

तालिमपछि गणितका अन्य पाठ पढाँउदा पनि चित्र र अरु शैक्षिक सामाग्रीको प्रयोग गर्ने जाँगर बढेको छ । विगतमा स्थानीय स्तरका सस्ता र पैसा नपर्ने सामाग्रीहरुको बारेमा ज्ञान नहुँदा प्रमुख ताक्ने, व्यवस्थापन समितिको मुख ताक्ने गरिन्थ्यो । आर्थिक अवस्था कमजोर भएकोले गर्दा विद्यालयले शैक्षिक सामाग्रीको उपलब्धता गराउन नसकेको कारणबाट प्रयोग नगरेको कुरालाई स्वयं शिक्षकहरुले स्विकार गरेको पाइयो ।

लामो अवधिको शिक्षक तालिमको सट्टा यो पेशागत विकास तालिम नामक नयाँ कार्यक्रमले शिक्षकहरुको शिक्षण सुधार गर्न शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगमा केहि न केहि योगदान गरेको देखिन्छ । अध्ययनको क्रममा सम्पूर्ण शिक्षकहरुले आफुले कक्षा शिक्षण गर्दा सामाग्री निर्माण तथा प्रयोगमा राम्रो र उपलब्धिमूलक भएको कुरा शिक्षकहरुसँग को छलफलबाट पाइयो ।

टिपिडीले शिक्षकको शैक्षिक सामाग्री निर्माण तथा प्रयोगमा जाँगर जगाउन सहयोग पुऱ्याए पनि यो तालिम लिए पश्चात पनि यो कार्यक्रम समस्यामुक्त भने छैन । जसबाट शिक्षकहरुले अपेक्षित रुपमा शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगमा त्यत्ति गम्भिर रुपमा नलिएको पाइयो ।
यो तालिम शुरु भई लागू भैसक्दा पनि शिक्षकलाई यसबारे राम्रो सँग बुझाउन सकिएको छैन । शिक्षण सुधार योजना परियोजना कार्यको निर्माण गर्न समेत नसकी अरुको तयारी योजनाहरु सारी बुझाउने र यस्तो कार्य गर्दा समेत प्रशिक्षक तथा स्रोत व्यक्तिले टुलुटुलु हेरी लिइने गरेको पाइयो ।

अध्ययनको क्रममा दरबन्दीमा रहेका शिक्षकहरुले मात्र यो तालिम लिएको पाइयो भने टिपिडीका लागि सीमित कोटा भएकोले निजी स्रोतको तथा पिसिएफ का शिक्षकहरुलाई समेट्न नसक्दा त्यस्ता शिक्षकहरुलाई शैक्षिक सामाग्री निर्माण तथा प्रयोगमा कठिनाई भएको पाइयो ।

स्रोतव्यक्ति र रोष्टर प्रशिक्षकहरुका अनुसार कतिपय शिक्षकहरु आफ्नो कमजोरी प्रकट होला भन्ने डरले कक्षा शिक्षणका वास्तविक समस्यालाई टिपिडी को माग फाराममा उल्लेख नै गर्न चाहँदैनन् ।

उनीहरुको त्यस्तो प्रवृत्ति तालिम कक्षामा समेत दोहोरिने गर्दछ । प्राथमिक तहको शिक्षकमा यस्तो कमजोरी बढी रहेको प्रशिक्षकहरुको अनुभव छ ।

शिक्षकको पेशागत विकास तालिमको माग फाराम पनि प्रायले हतार हतारमा मनमा लागेका समस्यालाई उल्लेख गरेर भर्ने गरेको पाइन्छ । कक्षामा पढाँउदा परेको खास समस्यालाई नोट गरेर राख्ने, पाठसँग सम्बन्धित शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगको बारेमा माग फाराममा उल्लेख गर्ने अभ्यास शिक्षकले थाल्नुपर्ने देखिन्छ । तालिम कक्षामा पनि शिक्षक जति सक्रिय रहन्छ उसले त्यतिनै बढी ज्ञान प्राप्त गर्न सक्ने हो । त्यसतर्फ शिक्षकले आफ्नो रुचि र चासो उत्तिकै बढाउनु पर्ने आवश्यकता छ । तालिममा सिकेका शिक्षण सीपलाई कक्षा कोठामा पनि लागू गर्ने सवालमा सवैभन्दा बढी जिम्मेवार शिक्षक हो र त्यसमा ऊ गम्भिर नबन्दा सम्म उसलाई कसैले पनि सघाउन र सुधार्न सक्दैन र उसले शैक्षिक सामाग्रीको निर्माण गरी प्रयोग समेत गर्न नसकेको पाइयो ।

यस अध्ययन मास्लोको अभिप्रेरणा सम्वन्धी सिद्धान्तको खाकाबाट अध्ययन गरिएको थियो । शिक्षकहरुको आवश्यकतालाई समाधान गर्नको लागि उनीहरुको मनोवल बढाउने कार्य गर्नुपर्ने भएतापनि अध्ययनको क्रममा त्यस्तो पाइएको थिएन ।

शिक्षित तथा उच्चवर्गका परिवारको वालवालिकाहरु संस्थागत विद्यालयमा जाने गरेको हुदाँ अशिक्षित, न्युन आय भएका दलित, चेपाङ्ग, जनजाति, पिछडिएका अभिभावकहरुले सामुदायिक विद्यालयमा सरोकार नराख्ने र शिक्षक नियुक्ति, सरुवा तालिम, वृतिविकास, शैक्षिक सामग्री निर्माण, दण्ड र पुरस्कारको व्यवस्था सन्तोषजनक नभएकोले शैक्षिक सामग्री निर्माण र प्रयोगमा समस्या परेको कुरा वताएको पाइएको थियो ।

## ४.४ शैक्षिक सामाग्रीको निर्माण र प्रयोगलाई प्रभावकारी बनाउने उपायहरु

शैक्षिक सामग्रीको प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न उपायहरु बुन्ने मनसायले विद्यालय प्र.अ., शिक्षक, विद्यार्थी, रोष्टर प्रशिक्षक तथा स्रोतव्यक्तिहरुलाई विभिन्न प्रश्नहरु सोधिएको थियो र यसको प्रयोग प्रभावकारी बनाउन उनीहरुले औल्याएको मूल पक्षहरु तालिम प्राप्त र योग्य शिक्षकहरु व्यवस्था, भौतिक पूर्वाधारको विकास, शिक्षकहरुलाई सुविधा प्रदान, अतिरिक्त कृयाकलाप सुधार, विद्यालय व्यवस्थापन, शैक्षिक सामग्री निर्माण तालिम व्यवस्थापन, दण्ड र पुरस्कारको प्रावधान,

कार्यक्रमको अनुगमन र मूल्याङ्कन विद्यार्थीहरु एवं अभिभावकहरुलाई अभिमुखीकरण कार्यक्रम आदि थिए । नेपाली परिप्रेक्ष्यमा शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोगमा प्रभावकारिता वृद्धि गर्न उनीहरुकै प्रतिउत्तर निम्नानुसार थियो ।

### ४.४.१. तालिम सम्बन्धि नीतिमा सुधार

शिक्षकको पेशागत विकास तालिम सम्बन्धि नीतिमा सम्पूर्ण शिक्षकहरुलाई सेवाकालिन रुपमा आगामी ५ वर्ष भित्र ३० दिन बराबरको शिक्षकको पेशागत विकास तालिम पहुँच सुनिश्चित गर्ने तर त्यस पछिका वर्षहरुमा यस शिक्षकको पेशागत विकास तालिमलाई निरन्तरता दिने र पुर्नताजकी तालिम दिने सम्बन्धमा स्पष्ट नीति नभएकोले सो तालिमको पूरा भएपछि वा ५ वर्ष पछिको समयमा पेशागत विकास तालिमलाई पुनः निरन्तरता दिने, पुर्नताजकी वा अन्य कुनै नयाँ तालिम दिने हो सो सम्बन्धमा सरकारको थप नीति तर्जुमा गर्नु पर्दछ भन्ने धारणा अनुसन्धानका क्रममा सबै शिक्षक तथा प्र.अ.हरुको भनाइबाट जानकारी प्राप्त भएको थियो ।

यसै गरी शिक्षकको पेशागत विकासको सरकारी नीतिमा स्थायी शिक्षकहरुलाई मात्र माथिल्लो श्रेणीमा बढुवा हुनका लागि एउटा प्रमुख आधारको रुपमा लिएको छ तर अस्थायी शिक्षकहरुले के का लागि आधार बनाउने, स्थायी हुने बेलामा हो कि? या अन्य कुनै प्रयोजनमा आधार बनाउने सो सम्बन्धि स्पष्ट नीति बनाउनुपर्ने धारणा पनि अनुसन्धानका क्रममा छनोटमा परेका शिक्षक, प्रशिक्षक, प्र.अ. हरुसँग गरिएको अन्तरवार्ता प्रश्नावलीका आधारमा जानकारी प्राप्त भएको थियो ।

अर्कोतर्फ नेपाल सरकारको मातहतमा रहेका निजामती कर्मचारीहरु सरहको सेवा सुविधा सम्बन्धि नीतिमा कमी कमजोरी रहेकाले शिक्षकहरुमा पेशागत समर्पणको भावनामा कमी भएको पाइन्छ । आफ्नो पेशाप्रति समर्पित भई समय खर्च गर्न चाहन्नन् र उनीहरुले सहायक पेशाको रुपमा मात्र शिक्षक पेशालाई लिएका हुन्छन् जसले गर्दा शिक्षण पेशालाई मर्यादित र सुनिश्चित पेशाको रुपमा अपनाउन सक्दैनन् । फलस्वरुप ती शिक्षकहरुले आफुले सिकेका ज्ञान, सीप र अनुभवहरुलाई कक्षाकोठामा प्रयोग गर्न नसकी सम्पूर्ण शिक्षण कार्य नै फलदायी नहुने हुँदा शिक्षण क्षेत्रमा कार्यरत सबै शिक्षकहरुको पेशालाई सुनिश्चित र मर्यादित बनाउने नीति सरकारले तय गर्नुपर्ने धारणा पनि यस अध्ययन अनुसन्धानका क्रममा संलग्न शिक्षक, प्रशिक्षक, प्र.अ., स्रोत व्यक्ति सँगको अन्तरवार्ता प्रश्नावलीमा आधारमा जानकारी भएको थियो ।

### ४.४.२ विषयगत स्रोत सामाग्रीहरु उपलब्धता

शिक्षण सिकाई क्रियाकलापलाई दिगो र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण योगदान रहने कुरामा दुईमत छैन । तसर्थ शैक्षिक सामाग्री निर्माणमा केन्द्रियस्तरबाट नै पहल गर्नुपर्ने, शैक्षिक शिक्षाप्रद सामाग्रीहरु उपलब्ध गराइनुपर्ने, विद्यार्थीहरुमा अध्ययन कार्यलाई रुचीपूर्ण बनाउनको लागि खेलकुदका सामाग्रीहरु उपलब्ध गराउनुपर्ने, शैक्षिक सामाग्री निर्माण गर्न विषयगत शिक्षक तालिम निरन्तर रुपमा दिनुपर्दछ । शैक्षिक सामाग्री खरीद र निर्माणमा विद्यालय व्यवस्थापन समितिले आवश्यक सहयोग गर्नुपर्दछ । विषयगत शिक्षकको आपसी प्रतिस्पर्धा हुने गरी शैक्षिक सामाग्री निर्माणमा प्र.अ.ले आवश्यक कार्य गर्नुपर्ने धारणा अनुसन्धानका क्रममा छनोटमा परेका सबै शिक्षकहरुसँग गरिएको अन्तरवार्ता प्रश्नावलीका आधारमा जानकारी प्राप्त भएको थियो ।

शिक्षकहरुको मनोवल उच्च र पेशाप्रति जिम्मेवार पूर्ण बनाइराख्नको लागि शैक्षिक सामाग्रीको प्रयोग र निर्माण गर्ने शिक्षकलाई पुरस्कृत गर्नुपर्दछ । विद्यालय, अभिभावक, शिक्षक र विद्यार्थीहरुबीच समन्वय ल्याउनुपर्ने स्थानीय स्तरबाट पार्ने सहयोगहरु शैक्षिक सामाग्री निर्माणमा खर्च गर्नुपर्दछ । योजनावद्ध रुपमा मंहगा एवं अत्यावश्यक सामाग्रीको खरीद व्यवस्था मिलाई तिनिहरुको लागत राख्नु पर्दछ । शिक्षकहरुलाई आफ्नो परीवारलाई आवश्यक पर्ने आर्थिक पक्ष पुग्ने गरी राज्यले व्यवस्था गरी पेशाप्रति समर्पित र लगनशिल हुने वातावरणको सृजना गर्नुपर्दछ । त्यसै शिक्षकहरुले विद्यार्थीहरुको सहयोग लिई स साना (लघु) शैक्षिक सामाग्री निर्माण गर्नुपर्दछ । शैक्षिक सामाग्रीको निर्माण र प्रयोग भए नभएको उचित सुपरिवेक्षण र अनुगमनको प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ । मुद्रित सामाग्री र अन्य सामाग्रीहरुको नियमित व्यवस्था मिलाउनुपर्ने धारणा पनि यस अध्ययन तथा अनुसन्धानका क्रममा संलग्न शिक्षक, रोष्टर प्रशिक्षकहरु, प्र.अ., स्रोत व्यक्तिसँगको अन्तरवार्ता प्रश्नावलीको आधारमा जानकारी प्राप्त भएको थियो ।

### ४.४.३ शैक्षिक सामाग्रीको भण्डारण

शैक्षिक सामाग्रीको निर्माण संकलन वा प्रयोग गरिसकेपछि चाहिएको वेलामा उपलब्ध हुने गरी र गुणस्तर नबिग्रने गरी राख्ने कार्य पनि शैक्षिक सामाग्री व्यवस्थापनको महत्वपूर्ण पक्ष हो यसले शैक्षिक सामाग्रीको प्रयोगमा स्थायित्व दिनको लागि सहयोगी भूमिका खेल्दछ । भण्डारणमा कुन कुन सामाग्रीहरु छन् र तिनिहरुलाई चाहिएको वेलामा पाउन सक्ने गरी व्यवस्थापन गर्न धेरै कुरामा ध्यान पुऱ्याउनुपर्दछ । पृथकिकरण, विषयीकरण, सुचीकरण, तालिकीकरण, संक्षेपीकरण गरेर शैक्षिक

सामाग्रीहरु साथै पुस्तकहरुलाई व्यवस्थापन गर्न सकिन्छ । गुणस्तर कायम राख्न वस्तुको प्रकृति अनुसार संरक्षण गर्नुपर्दछ । जुनकुरा प्रश्नोत्तर अन्तरवार्ताको क्रममा शिक्षक र प्र. अ. बाट व्यक्त गरिएको थियो ।

तालिकाहरु, चार्टहरु नक्सालाई गुणस्तर नविग्रने गरी राख्न प्लाष्टिक वा कपडाको खोलमा राख्न सकिन्छ । तलमाथि नै दरो लिस्टिको प्रयोग गर्नु राम्रो हुन्छ । शैक्षिक सामाग्रीलाई विषयीकरण, तालिकीकरण, सुचीकरण साथै संक्षेपीकरण गरी सामाग्री राखेको खण्डमा खोजेको सामाग्री समयमानै प्राप्त गर्न सकिन्छ र प्रयोग गरी सकेपछि उपयुक्त ठाँउमा राख्न पनि सहज हुन्छ ।

पुस्तकहरुलाई वेलावखतमा किरा, धुवाँ, धुलोबाट नियन्त्रण गर्न स्प्रे गर्ने, सफा गर्ने, गर्नुपर्दछ । शैक्षिक सामाग्रीलाई चिसो, ओसबाट बचाउन दराजमा राख्ने गर्नुपर्दछ । सामाग्रीहरु कोडिङ्ग गरेर राख्ने गर्नुपर्दछ । र दराजको अगाडि के के सामाग्री छन् त्यसको सूची राख्नुपर्दछ । विधुतिय उपकरणलाई धुलोबाट र भाइरस बाट बचाउनु पर्ने हुन्छ । कम्प्युटरमा फाइलहरु सेभ गर्दा फोल्डर बनाएर सुरक्षित हुने गरी राख्नुपर्दछ । मेसिनेरी चिजहरुको प्रयोग सुचारुरुपमा गरिरहनु आवश्यक हुन्छ । सि.डि., चक्का, भि.सि.डि., चक्काहरु साथै आफैले वनाएको भि.सि.डि. चक्काहरुको संरक्षण सम्बर्धन विशेष किसिमले गरेर राख्नुपर्दछ । सस्तोमा प्रयोगको आभास दिलाउन सकिन्छ ।

दुर्लभ वस्तुहरु जस्तै विभिन्न जनावर, चरा, किरा, प्राकृतिक घटना बारेमा श्रव्य दृश्यनै गराउन सकिन्छ । यस्ता वस्तुहरुलाई घर्षणबाट बचाउने साथै कम्प्युटरमा सेभ गरेर राख्नु उपयुक्त हुन्छ । शिक्षणका लागि प्रयोग गरिने वोर्ड (कालो पाटी, सेतो पाटी) कक्षाको वीचमा कोठाको आकार अनुसार बनाउने र त्यसलाई बेलाबेलामा रंगाएर कन्डिसनमा अर्थात नकोत्रिएको र चिप्लो अवस्थामा राख्ने र सफा हुनुपर्दछ । अगाडिको सबैकुरा मेटी आफ्ना कुरा विद्यार्थीले स्पष्ट रुपमा देख्ने गरी प्रष्ट तथा ठूलो अक्षरमा लेख्ने गरेमा शिक्षण प्रभावकारी हुन्छ । बोर्डको एकापट्टी साइडमा ग्राफ खिच्ने व्यवस्था गर्ने, जियो वोर्ड, फलाटिन बोर्ड पनि साइडमा व्यवस्थापन गर्न सकेमा प्रभावकारी देखिने धारणा अनुसन्धानको क्रममा छनोटमा परेका शिक्षकहरु, प्र.अ. रोष्टर प्रशिक्षक तथा स्रोत व्यक्ति सँगको अन्तरवार्ता प्रश्नावलीको आधारमा जानकारी प्राप्त भएको थियो ।

### ४.४.४ आर्थिक व्यवस्थापन नियमित बनाउनमा जोड

नेपाल सरकारबाट शिक्षकको पेशागत विकास तालिमका लागि छुट्याइएका बजेट निश्चित कोटाका आधारमा मात्र छुट्याइने गरिएको छ, यसले गर्दा एकै पटकमा धेरै शिक्षकहरुलाई तालिम दिन नसकिने, शिक्षकहरु थोरै मात्रामा बढ्दा पनि तालिममा सहभागी गराउन नसकिने, केन्द्रबाट निकासा भएको बजेट कुन कुन शीर्षकमा कति कति रकम आएको भन्ने बारेमा थाहा नपाइने प्रशिक्षार्थीहरुको दैनिक भत्ता कम भएको कारण तालिमका लागि कम समय दिने जस्ता समस्याहरु रहेको पाइयो उक्त समस्याहरुको निराकरणका लागि नियमित रुपमा शीर्षक विभाजन खर्चहरुको विनियोजन गर्ने चुस्त दुरुस्त र पारदर्शी हिसाव किताव राख्ने र आउने वजेटको परिमाणलाई बढाउनु पर्ने धारणा अध्ययन क्षेत्र भित्र रहेका अधिकांश शिक्षकहरुले व्यक्त गरेको पाइएको थियो ।

### ४.४.५ तालिम प्राप्त र योग्य शिक्षकहरुको व्यवस्था

शिक्षकको पेशागत विकास तालिम कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि सम्पूर्ण शिक्षकहरुलाई विशेष तालिम, अतिरिक्त तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ । शिक्षक सेवा आयोगद्धारा नियमित रुपमा शिक्षक छनोटको व्यवस्था मिलाउनु पर्दछ । शिक्षक सेवा आयोगद्धारा नियमित रुपमा शिक्षक छनोटको व्यवस्था मिलाउने, सम्पूर्ण शिक्षकहरुलाई समय समयमा पुर्नताजगी कार्यक्रम संचालनको व्यवस्था मिलाउनु पर्दछ । यो तालिम समावेशी सिद्धान्तमा आधारित हुनुपर्ने, नयाँ उत्साही, योग्य बौद्धिक व्यक्तित्वको सेवा गर्ने पहिलो क्षेत्र बनाउनु पर्ने धारणा अध्ययन क्षेत्रका सम्पूर्ण शिक्षकहरुले व्यक्त गरेको पाइएको थियो ।

### ४.४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

विद्यालयको वातावरणलाई चुस्त, दुरुस्त, शान्त, मैत्रीपूर्ण वनाउनको लागि विद्यालय भवन र कक्षाकोठा निर्माण गर्नुपर्दछ । विद्यालयको वरीपरी पर्खाल निर्माण गर्ने, विद्यार्थीलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्नुपर्ने छात्र / छात्राहरु का लागि भिन्दा भिन्दै शौचालयको व्यवस्था गर्नुपर्ने प्रशस्त क्षेत्र भएको खेल मैदानको व्यवस्था गर्नुपर्ने, शैक्षिक सामाग्री निर्माण र प्रदर्शन कक्ष, लाइव्रेरी, ल्यावको छुट्टाछुट्टै कक्षाकोठा निर्माण, सेतो पाटीको व्यवस्था गर्नुपर्ने धारणा अध्ययन क्षेत्र भित्रका सम्पूर्ण विद्यार्थीहरुले अध्ययन अनुसन्धानका क्रममा व्यक्त गरेका पाइएको थियो ।

### ४.४.७ विदाको समयमा तालिम सञ्चालन गर्नुपर्ने

शिक्षकको पेशागत विकास तालिम भएको समयमा एकै पटक धेरै शिक्षकहरु सहभागी हुनुपर्दा दैनिक पठन पाठन प्रक्रिया अवरुद्ध हुने र शिक्षकहरु विद्यालयमा पूरा पढाएर जाँदा तालिम प्रभावकारी नहुने जस्ता समस्याले गर्दा विद्यालय प्रशासन र तालिम प्रदायक संघसंस्थाहरुका वीचमा आपसी छलफल र समझदारीका आधारमा विदाका समयमा तालिम सञ्चालन गर्ने गरी प्रशासनिक व्यवस्थापन गरिनुपर्ने प्रतिक्रिया पाइयो ।

### ४.४.८ अनुगमन, निरीक्षण र परामर्श सेवा प्रदान गर्ने

कुनै पनि कार्यक्रम सञ्चालन भएपछि सो कार्यक्रम कति मात्रामा प्रभावकारी रह्यो भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट निरन्तर अनुगमन, सुपरीवेक्षण र परामर्श सेवा उपलब्ध भएमा सो कार्यक्रम प्रभावकारी हुन सक्दछ । यसै गरी शिक्षकको पेशागत विकास कार्यक्रम मार्फत तालिम प्राप्त गरेका शिक्षकहरुले तालिममा आर्जन गरेका सीप र अनुभवलाई कक्षा कोठामा पुगे नपुगेको थाहा पाउन निरन्तर रुपमा विद्यालय प्रशासन, तालिम प्रशिक्षक, स्रोत व्यक्ति, र वि.नि.हरुवाट अनुगमन निरीक्षण सुपरीवेक्षण र परामर्श सेवा उपलब्ध गराउनु पर्नेमा वर्तमान अवस्थामा पनि यसको प्रयोग अत्यन्तै कम हुने गरेको पाइन्छ ।

शिक्षकको पेशागत विकास सञ्चालन मोड्युलहरुको दोस्रो भागमा दोस्रो भागको समयावधी पूरा भए लगत्तै प्रत्येक हवका प्रशिक्षकद्धारा २ दिन सम्म सहभागीहरु कार्यरत विद्यालयमै भ्रमण गरी तिनिहरुले दोस्रो भाग अन्तर्गत सम्पादन गरेका कार्यको अवस्था । प्रतिवेदन मुल्याङ्कन तथा एजेन्डामा आधारित वैठक सञ्चालन गर्नुपर्दछ । र त्यसको आधारमा शिक्षकको पेशागत विकास मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ । तर हालसम्म सञ्चालन भएका कुनै पनि तालिम केन्द्रका प्रशिक्षकहरु मुस्किलले १ दिन मात्र सो कार्य सम्पादन गरेको जानकारी प्राप्त भयो । तसर्थ सबै तालिम प्रशिक्षकहरुको तालिम समाप्त भएपछि प्रयोगकको अवस्थामा निरन्तर प्रशिक्षक प्र.अ. स्रोत व्यक्ति , वि.नि.द्धारा अनुगमन, निरीक्षण, सुपरीवेक्षण गरी  परामर्श सेवा प्रदान गर्न सकिएको खण्डमा तालिमको प्रभावकारिता बढ्ने प्रतिक्रिया पाइएको थियो ।

### ४.४.९ तालिममा प्रदान गरिने समयावधिको व्यवस्थापन

वर्तमान शिक्षकको पेशागत विकास तालिम सञ्चालन ५ वर्ष भित्र ३० दिन बराबरको तालिम दिने नीति भएको तर शिक्षकहरुलाई अध्यापनको क्रममा निरन्तर रुपमा पुनतार्जगी तालिमको आवश्यकता पर्ने तर ५ वर्ष भित्रमा ३० दिनमा शिक्षकको पेशागत विकास तालिम समाप्त हुने भएकोले सो तालिमको समयावधि सकिएपछिको वर्षमा पुर्नताजगी नगराउदा पहिले लिएको शिक्षकको पेशागत विकास तालिमको प्रयोगमा कमी आउने भएकोले शैक्षिक सत्रको शुरुवातमै २ दिने अर्थात ३ दिने पुर्नताजगी तालिम सञ्चालन गर्न सकेमा शिक्षकको पेशागत विकास तालिमको प्रभावकारीता निरन्तर रहिरहने जस्ता प्रतिक्रियाहरु छनोटमा परेको विद्यालयमा प्र.अ. शिक्षकको उत्तरबाट प्राप्त भएको थियो ।

यो अध्ययन मास्लोको अभिप्रेरणा सम्वन्धी सिद्धान्तमा आधारित भएकोले विद्यालयमा कार्यरत शिक्षकहरुलाई शैक्षिक उपलब्धि वृद्धि गराउन तालिम पश्चात विद्यालयमा पुगी प्रयोग गर्ने वातावरणको सृजना गर्ने वातावरण मिलाइदिनु पर्दछ । यसको लागि स्रोत व्यक्ति तथा प्रशिक्षकबाट नियमित अनुगमन र निरीक्षण गर्नु पर्ने हुन्छ । कार्य सम्पादन मूल्यांकनलाई शिक्षकले विद्यार्थीप्रति शैक्षिक सामग्री निर्माण र व्यवस्थापन पट्टी कति ध्यान दिएको छ सो आधार नलिइ हचुवा मन परेका वा आफ्ना पक्षकालाई मात्र वढि अंक दिने गर्नु हुदैंन । टिपिडी तालिम लिनु अघि शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा त्यति सैद्धान्तिक एवं प्राविधिक ज्ञान नभई प्रयोग न्युन रुपमा भएको तर हाल तालिम पश्चात यसको प्रयोगमा सुधार आएको पाइएको थियो ।

# परिच्छेदः पाँच

# निस्कर्ष र सुझावहरु

शोध कार्य गर्दा प्राप्त तथ्याङ्कको आधारमा वास्तविकता बाहिर ल्याउन सकिन्छ । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न, सिकाइलाई दिगो बनाउनको लागि शैक्षिक सामग्री निर्माण गरी त्यसको प्रयोग बनाउनको लागि शैक्षिक सामग्री निर्माण गरी त्यसको प्रयोग गर्नुपर्ने हुन्छ । टिपीडी तालिम लिनु अघि र पश्चात शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा आइपरेका समस्याहरु, सहयोग र समस्याहरुको समाधानका उपायहरुको पहिचान भएको छ भन्ने सार निकाल्न सकिन्छ ।

## ५.१ निष्कर्ष

मानव विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष शिक्षा हो । शिक्षालाई आर्थिक, सामाजिक उन्नती पाउनका लागि आवश्यक जीवन उपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसहरुको सामार्थ्य वृद्धि गर्ने एक शक्तिको रुपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा बढी महत्वपूर्ण प्राथमिकताहरु मध्येको एक हो । तसर्थ, नेपाल जस्तो अल्पविकसित राष्ट्रको मूख्य लक्ष्य नै शैक्षिक विकास (शिक्षाको पहुँच र गुणस्तरलाई अभिवृद्धि सम्बोधन गरिएको) को माध्यमबाट गरिबी निवारण रहँदै आएको छ र यस तथ्यलाई दातृराष्ट्रहरुबाट पनि लगातार सुदृढिकरण गरिदै आएको छ । संसारभरि शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि विभिन्न प्रयासहरु जारी छन् ।

विश्व अहिले ज्ञान विज्ञानको विस्फोटले एउटा गाउँमा परिणत भै रहेको अवस्थामा शिक्षा क्षेत्रका नयाँ नयाँ शैक्षिक प्रविधि एवं विधिहरुको प्रयोग गर्दा विश्वसामु व्यक्तिको वैयक्तिक अधिकार एवं विद्यार्थीहरुको समावेशी अभियानले मात्र संभव हुनसक्छ । विभिन्न कार्यक्रम, अभियान र योजनाहरु आएता पनि यसका विभिन्न अवरोध तथा सीमाहरु विद्यमान छन् । राज्यले सबैका लागि शिक्षा निशुल्क शिक्षा, प्रौढ शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, समाहित शिक्षा जस्ता विभिन्न कार्यक्रम एवं योजनाहरु ल्याएपनि अत्यधिक विद्यार्थी भौतिक पूर्वाधारको कमी, विद्यालयको पहुँच, पछौटेपन जस्ता मूलभूत पक्षको अभावको साथै सर्वसुलभ गरिनुपर्ने पुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, स्वअध्ययन सामग्री, मुद्रित एवं प्रकाशित शैक्षिक सामग्री र ठोस दृश्य एवं चित्रात्मक सामग्रीको बढी भन्दा बढी प्रयोग गरी तालिम प्राप्त योग्य एवं अनुभवी शिक्षकको नियुक्ति एवं सिफारिस गरी

यि सामग्रीको विषयगत सान्दर्भिकता संग मेल खानेगरी शिक्षण गरेमा त्यस विषयसँग सम्बन्धित ज्ञान, सीप एवं धारणामा अभिवृद्धि हुने कुरामा दुईमत छैन ।

शिक्षणको पेशागत विकासमा तालिमको प्रयोग सम्वन्धी विषयमा अध्ययन गर्ने क्रममा यससँग सम्वन्धीत पूर्व अध्ययन अपुरो एवं अपुग भएको पाइयो । पूर्व अध्ययनको समीक्षाबाट शिक्षकहरुका पेशागत विकासमा तालिमले खासै सहयोग पुऱ्याएको देखिएन । यस शोधपत्रमा शिक्षकको पेशागत विकासमा तालिमको प्रयोगको अवस्था, शिक्षकको पेशागत विकास तालिमवाट कक्षा शिक्षणमा आएको परिवर्तनको लेखाजोखा गरी शैक्षिक सामग्री निर्माण र प्रयोगमा आइपरेका समस्याहरु पहिचान गरी तर्कको आधारमा समस्या निराकरणका उपायहरु पत्ता लगाई शैक्षिक सामग्री निर्माण र प्रयोगलाई प्रभावकारी वनाउने उपायहरु खोजी गरिएको थियो । प्राप्त भएका विभिन्न प्राप्तिको आधारमा निम्न निष्कर्ष निकालिएको छ । टिपिडी शुरु भै सम्पूर्ण तहहरु पूरा भैसक्दा पनि शिक्षकलाई यस बारेमा राम्रोसँग बुझाउन सकिएको छैन । टिपिडीको लागि शिक्षकले भरेका माग फारामका केहि प्रतिहरु स्रोत केन्द्रमा पुगी हेर्दा पनि त्यस्तो कमजोरीहरु झल्किन्छ । शिक्षण सिकाईका समस्यालाई भागका रुपमा उल्लेख गर्नुपर्ने भए पनि कतिपय शिक्षकले सन्दर्भ बाहिरका विषयवस्तुलाई समस्याका रुपमा उल्लेख गरेको पाइएको थियो ।

त्यस्तै टिपिडी तालिमका लागि छनोट गरिएका प्रशिक्षार्थी शिक्षकको विषयगत सन्तुलन मिलाउन नसक्दा पनि समस्या भएको देखिएको पाइएको थियो । दरवन्दीमा भएका शिक्षकहरुका लागि मात्र यो तालिम भएको जानकारी स्रोतव्यक्तिबाट जानकारी गराइएता पनि केही पी सी एफ र निजी शिक्षकहरुले यो तालिमको अवसर प्राप्त गरेको भएपनि बाँकीले वञ्चित हुनुपरेको पाइएको थियो ।

टिपिडी कार्यक्रम अन्तर्गत पाँच दिनको फेस टु फेस तालिम पूरा भएपछि शिक्षकले अर्को ५ दिनको स्वाध्यायन खण्ड (दोस्रो भाग) पूरा गर्नुपर्ने हुन्छ । त्यसमध्ये तीनदिने शिक्षण कार्यभार बराबरको क्रेडिट पाउने गरी २०-३० दिनको स्वाध्यायन र बाँकि दुई दिन शैक्षिक परामर्श खण्ड तोकिएको भएतापनि अधिकांश शिक्षकहरुले औपचारिकतामा मात्र सिमित पारेको पाइएको थियो ।

टिपिडी तालिम कक्षामा पढाँउदा आइपरेका समस्याको सिधै समाधान खोज्न मद्दत गर्ने भएकोले शिक्षकको पेशागत विकास कार्यक्रमलाई शिक्षकले आफ्ना निम्ती उपयोगी भएको ठानेको पाइएता पनि यस कार्यक्रमलाई प्रभावकारी बनाउन यसको व्यवस्थापकिय पाटोमा धेरै सुधार गर्नुपर्दछ ।

यस अध्ययन टिपिडी कार्यक्रमले शिक्षकको पेशागत विकासमा तालिममा कस्तो प्रभाव पारेको छ । यो तालिमले शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा सहयोग पुऱ्याएको छ ? यो तालिम लिनु अघि र पश्चात शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा आइपरेका समस्याहरु के-के छन् ?

शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका समस्याहरु समाधानका उपायहरु के-के हुनसक्छन ? जस्ता शोध प्रश्नहरुमा केन्द्रित भइ गरिएको थियो । टिपीडी तालिमले शैक्षिक सामग्री निर्माण तथा प्रयोगको प्रभावको जानकारी लिने उद्देश्यले चितवन जिल्ला पिठूवा स्रोतकेन्द्र अन्तर्गत विद्यालयहरुमा व्यापक अध्ययन गरिएको थियो । विद्यालय र जनसंख्या छनोट उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा गरिएको थियो ।

## ५.२ सुझाव

शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग विषयमा अध्ययन गर्ने क्रममा अध्ययन, अवलोकन, अन्तरवार्ता र छलफलबाट प्राप्त सूचना, जानकारी एवं प्रयोगलाई व्यवस्थित बनाई गुणस्तरीयता प्राप्त गर्न निम्न निकायहरुले खेल्नुपर्ने भुमिकालाई प्रस्तुत गरिएको छ ।

### ५.२.१ नितिगत तह

शिक्षकको पेशागत विकास तालिम प्रदान गर्ने र सञ्चालन गर्ने सम्बन्धमा नीतिगत व्यवस्था भएको तर यस तालिमको प्रयोगका सम्बन्धमा स्पष्ट नीतिको व्यवस्था गर्नु पर्ने देखिन्छ । शिक्षकको पेशागत विकास तालिमको भौतिक व्यवस्थपन सम्बन्धमा केन्द्रमा राम्रो व्यवस्था गरिएको तर जिल्लातह र स्रोतकेन्द्रहरुमा भौतिक व्यवस्थापनका सम्बन्धमा नीगितग रुपमा उल्लेख नै नभएकाले शिक्षा मन्त्रालय अन्तरगतका सरोकारवालाहरुले यसलाई नीतिगत रुपमै व्यवस्था गर्न जोड दिनु पर्दछ ।

यस तालिमको सही प्रयोग भए नभएको मूल्यांकन अनुगमन, सुपरीवेक्षण र अवलोकन गर्ने निकाय/व्यक्तिका सम्बन्धमा हालसम्म यसको सुपरीवेक्षण वा अवलोकन प्रशिक्षकहरु मार्फत मात्र भएको छ तर यसलाई स्रोतव्यक्ति विद्यालय निरीक्षणबाट पनि गराउनु पर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ ।

यस तालिम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापनका सम्बन्धमा नीतिगत रुपमा केही कमी भएका हुँदा, आवश्यक बजेटको तर्जुमा, खर्च गर्ने निकाय, खर्च गर्ने प्रविधिका सम्बन्धमा थप नीतिको अवलम्बन गर्नुपर्दछ ।

यस तालिमको सम्बन्ध विद्यार्थीको शैक्षिक उपलब्धिसँग मात्र जोडिएको छ तर विद्यार्थीको अन्य पक्षहरुलाई पनि समेट्ने गरी नीतिमा थप गर्नुपर्दछ र वर्तमान समयमा सञ्चालन भएका तालिमहरु विद्यालयमा पढाइ सुचारु भएको अवस्थामा सञ्चालन भइरहेको हुँदा यसलाई शैक्षिकसत्रको शुरुमा सञ्चालन गर्ने गरी राष्ट्रिय नीति तय गर्नुपर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

शिक्षकको पेशागत विकास तालिम शैक्षिकसत्रको मध्यमा नभई शैक्षिक सत्रको शुरुवातमा नै शैक्षिक तालिम केन्द्रले सबै स्रोतकेन्द्र मार्फत सबै विषयलाई समेट्ने गरी कार्यरत सम्पूर्ण शिक्षकहरुलाईदिने व्यवस्था मिलाउनु पर्दछ र शिक्षकको पेशागत विकास तलिम र शैक्षिक उपलब्धि बीचको सम्बन्धका बारेमा शिक्षकहरुमा अझै पनि दुविधा रहेकाले तालिम र शैक्षिक उपलब्धि बीचको सम्बन्ध प्रष्ट पार्ने खालको कार्यशालाको सञ्चालन गर्नु पर्ने देखिन्छ ।

शिक्षकको पेशागत जवाफदेहिता बढाउनका लागि निरन्तर रुपमा तालिम, सेमिनार र गोष्ठीहरु सञ्चालन गर्नु पर्ने, सिकारुको सर्वोच्चता सुनिश्चितीकरण गर्न शिक्षकहरुमा अझै ज्ञान, सीप र अनुभवको कमी भएकाले यसलाई बढाउने खालका थप तालिम कार्यशालाहरुको व्यवस्था गरी सञ्चालन गर्नु पर्ने र शिक्षकको पेशागत विकास तालिमप्राप्त गरेका शिक्षकहरुले तालिममा आर्जन गरेका ज्ञान, सीप र अनुभवलाई कक्षाकोठामा प्रयोग गरेको, नगरेको कुरा विद्यालय प्रशासन, स्रोतव्यक्ति, वि.नि.र प्रशिक्षकहरुले निरन्तर अनुगमन, निरीक्षण सुपरिवेक्षण गरी आवश्यक परामर्श र सुझावहरु सम्बन्धित शिक्षकहरुलाई उपलब्ध गराउनु पर्दछ ।

शिक्षकको पेशागत विकास तालिमले वर्तमान समयमा शैक्षिक उपलब्धि अभिवृद्धि गर्न सहयोग गरेको पाइयो । भविष्यमा यसलाई अझै राम्रो बनाउनका लगि सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावकहरु, वि.व्य.स., विद्यालय प्रशासन, स्रोतव्यक्ति, स्रोतकेन्द्र, तालिमकेन्द्र, जि.शि.का लगायत शिक्षकसँग सरोकारवला पक्षहरुको ध्यान केन्द्रित हुनु आवश्यक छ । शिक्षकको पेशागत विकास तालिमलाई सैद्धान्तिक क्षेत्रमा सीमित नगरी व्यवहारिक पक्षमा उतार्न सम्बन्धित शिक्षक, विद्यालय, स्रोतकेन्द्र, शैक्षिक तालिमकेन्द्र, जि.शि.का निरन्तर लागिरहनु पर्दछ ।

राज्यबाट हालसम्म शिक्षकहरुलाई पेशाप्रति सन्तुष्ट पार्न सकेको छैन । त्यसैले राज्यबाट हरेक शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि ठोस नीति तर्जुमा गरी लागु गरिनु पर्दछ । शिक्षकहरुलाई आफ्नो पेशाप्रति समर्पणको भावना जगाउने खालका सेवा सुविधाहरुको व्यवस्था गरी शिक्षण पेशालाई मर्यादित पेशाको रुपमा हेरिनुपर्दछ । हरेक शैक्षिक वर्षको अन्त्यमा सबै विषयको विषयगत रुपमा शैक्षिक उपलब्धि निकालि त्यसको समीक्षा गर्नु पर्दछ । सम्बन्धित विषय शिक्षकहरुबाट आएको छलफलको निष्कर्षका आधारमा आगामी वर्षका लागि शैक्षिक उपलब्धिको लक्ष्य निर्धारण गरी अभिलेख कायम गरिनु पर्ने देखिन्छ ।

वर्तमान अवस्थाको शैक्षिक उपलब्धिका आधारमा निर्धारण गरिएको लक्ष्य हासिल गर्नका लागि आवश्यक कार्य योजना निर्माण गरी शिक्षक र विद्यालय प्रशासन निरन्तर अगाडि बढ्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

यस किसिमको अध्ययनलाई सीमित स्रोतकेन्द्रमा मात्र नगरी चितवन जिल्ला भरका स्रोतकेन्द्रमा र दशैभरका सम्पूर्ण जिल्लाहरुमा सञ्चालन गर्न सकिएको खण्डमा अझै यथार्थ र वास्तविक नतिजा प्राप्त गर्न सकिने र शिक्षकको पेशागत विकास तालिमलाई प्रभावकारी रुपमा कक्षाकोठामा प्रयोग गर्ने उपायहरुको खोज तथा अनुसन्धान गर्नुपर्दछ ।

विद्यार्थीको शैक्षिक उपलब्धि उकास्ने माध्यम शिक्षकको पेशागत विकास तालिमका अलवा, अभिभावक शिक्षा, घरपरिवारको वातावरणको निर्माण जस्ता विषयमा पनि खोज तथा अनुसन्धान गर्नु पर्ने र शिक्षकको पेशागत विकास तालिमलाई विद्यार्थीको शैक्षिक उपलब्धिसँग मात्रै सम्बन्धित

नगराइकन अन्य पक्षहरुसँग पनि सम्बन्धित हुने खालका तालिम कार्यक्रमको खोज तथा अनुसन्धान गर्नुपर्दछ ।

शिक्षकको पेशागत विकास तालिमको प्रयोग वर्तमान अवस्थामा तालिम अवधिमै भएकोले शिक्षकहरुले यसको प्रयोग गर्ने गरेका तर सो समयावधि पछि उक्त तालिमको प्रभवाकारी प्रयोग हुने या नहुने सम्बन्धमा खोजि तथा अनुसन्धान गर्नुपर्दछ ।

# सन्दर्भ सामग्रीहरु


अर्याल, मदन (२०६७), ***विद्यालय तहमा शैक्षिक सामग्रीको व्यवस्थापन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन ।

आयम, प्रमोद (२०६८) ***टिपिडी कक्षामा पुगे त राम्रो, शिक्षक मासिक,*** काठमाण्डौ : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था ।

खनाल, पेशल (२०६२), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाण्डौ : क्षितिज प्रकाशन ।

तिवारी, डिल्लीप्रसाद (२०६५), ***शैक्षिक सामाग्रीको प्रयोगले सिकाइ उपलब्धिमा पार्ने प्रभाव,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर, चितवन ।

परियार, वलवहादुर (२०६८), ***शिक्षकको पेशागत विकास तालिमले ल्याएको परिवर्तन,*** स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर, चितवन ।

पराजुली, तीर्थराज (२०६७), ***प्रा.वि. शिक्षक स्नातक हुनुपर्छ,*** शिक्षक मासिक, काठमाडौं : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था ।

पौडेल, सन्जिव (२०६७), ***तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको कक्षाकोठाको व्यवहारको तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर, चितवन ।

मालाकार, सुनिता (२०३६), ***स्थानीय स्रोतबाट सामाग्रीको विकास, विकासको निम्ति शिक्षा,*** शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

राउत, कुमार (२०६१), ***संस्थागत तथा सामुदायिक विद्यालयमा व्यवस्थापन एक तुलनात्मक अध्ययन,*** अप्रकाशित शोधपत्र, त्रि.वि.वि, शिक्षाशास्त्र संकाय ।

लुइँटेल, ईश्वर (२०६७), ***माध्यमिक शिक्षक सेवा दर्पण,*** काठमाण्डौं : लुम्विनि प्रकाशन ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६), नेपाल सरकार शिक्षा मन्त्रालय केशरमहल, काठमाण्डौं ।

शर्मा, कुवेरनाथ (२०६१), ***शिक्षण शास्त्र,*** काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), ***शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,*** भक्तपुर : शिक्षा मन्त्रालय ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), ***शिक्षकको पेशागत विकास मोड्युल सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण निर्देशिका,*** भक्तपुर : शिक्षा मन्त्रालय ।

सापकोटा, रमाकान्त (२०६२), ***वाल्मीकी स्मारिका,*** वाल्मीकी शिक्षा सदन भरतपुर, चितवन ।

हाडा, भुपेन्द्र (२०५९), ***गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्यता, विकासको निम्ति शिक्षा,*** शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रि.वि. ।

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची १

## अवलोकन फारम (रुजुसूची)

विद्यालयको नाम :...................................................... ठेगाना :............................

| क.सं. | विवरण | स्थिति | | | | प्रयोग | | | संकलन | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | | | छैन | राम्रो | मध्यम | निम्न | स्थानीय | वाह्य |
| | | राम्रो | मध्यम | न्युन | | | | | | |
| | मुद्रित सामाग्री | | | | | | | | | |
| | क) पुस्तक | | | | | | | | | |
| | ख) पत्रपत्रिका | | | | | | | | | |
| | ग) शिक्षक निर्देशिका | | | | | | | | | |
| | घ) पाठ्यक्रम | | | | | | | | | |
| | ङ) विषय विस्तृतिकरण | | | | | | | | | |
| | च) कक्षा नोट | | | | | | | | | |
| | छ) इमेल | | | | | | | | | |
| | दृष्य सामाग्री | | | | | | | | | |
| | क) नक्सा (नेपाल, विश्व) | | | | | | | | | |
| | ख) ग्लोव | | | | | | | | | |
| | ग) चार्ट | | | | | | | | | |
| | घ) मोडेल | | | | | | | | | |
| | ङ) ग्राफ | | | | | | | | | |
| | च) चित्र | | | | | | | | | |
| | छ) स्लाइड | | | | | | | | | |
| | ज) फिल्म | | | | | | | | | |
| | झ) स्टिप्स | | | | | | | | | |
| | ञ) इन्टरनेट | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ट) कालोपाटी | | | | | | | | | | |
| | ठ) फ्लाटिन बोर्ड | | | | | | | | | | |
| | ड) सुक्ष्म दर्शक यन्त्र | | | | | | | | | | |
| | ढ) केमिकल | | | | | | | | | | |
| | श्रव्य सामाग्री | | | | | | | | | | |
| | क) रेडियो | | | | | | | | | | |
| | ख) टेपरेकर्डर | | | | | | | | | | |
| | ग) फोनोग्राफ | | | | | | | | | | |
| | घ) डिस्क | | | | | | | | | | |
| | श्रव्य + दृष्य | | | | | | | | | | |
| | क) नाटक | | | | | | | | | | |
| | ख) सिनेमा | | | | | | | | | | |
| | ग) भिडियो | | | | | | | | | | |
| | घ) टि.भि. | | | | | | | | | | |
| | विज्ञान प्रयोगशाला | | | | | | | | | | |
| | क) | | | | | | | | | | |
| | ख) | | | | | | | | | | |
| | ग) | | | | | | | | | | |
| | घ) | | | | | | | | | | |
| | ङ) | | | | | | | | | | |
| | च) | | | | | | | | | | |
| | पुस्तकालय | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची २

## अवलोकन फारम

विद्यालयको नाम :

१) टिपिडी तालिम लिने शिक्षकको नाम

........................................................................................................

२) टिपिडी तालिम लिएको शिक्षकले अध्यापन गरेको विषय र कक्षा

........................................................................................................

३) TIP शिक्षण सुधार योजना बनाएको/नबनाएको

........................................................................................................

४) कक्षाकोठामा TIP टाँसेको/नटाँसेको

........................................................................................................

५) प्रधानाध्यापक कक्षामा TIP टाँसेको/नटाँसेको

........................................................................................................

६) तालिम केन्द्रमा मा TIP बुझाएको/नबुझाएको

........................................................................................................

७) परियोजना कार्य गरे/नगरेको

........................................................................................................

८) प्रतिवेदन बुझाएको/नबुझाएको

........................................................................................................

९) सामग्री तालिम उपयोग भए/नभएको

........................................................................................................

१०) तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग भए/नभएको

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ३

## शिक्षकहरुका लागि प्रश्नावली

नाम : लिङ्ग :

विद्यालय : ठेगाना :

शैक्षिक योग्यता : कार्य अनुभव :

१) तपाई यस विद्यालयमा कति लामो समयदेखि शिक्षण पेशामा आबद्ध हुनुहुन्छ ?

..........................................................................................................

२) तपाईको शिक्षणको मूल विषय के हो ?

..........................................................................................................

३) तपाईले TPD तालिम कहिले लिनुभएको हो ?

..........................................................................................................

४) तपाई आफ्नो शिक्षण पद्धतिमा सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................................

५) सिकाइ दिगो बनाउन के कस्ता शैक्षिक कार्यक्रम प्रभावकारी होला ?

..........................................................................................................

६) तपाई कक्षाकोठामा प्रवेश गरी शिक्षण गराउँदा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?

..........................................................................................................

७) शैक्षिक सामग्रीको उपलब्धता पर्याप्त छ कि छैन ?

..........................................................................................................

८) शिक्षण प्रभावकारी बनाउन क-कसको सहयोगी भूमिका रहन्छ ?

..........................................................................................................

९) शैक्षिक सामग्री संकलनमा विद्यार्थीलाई सहभागी गराउनु भएको छ त ?

..........................................................................................................

१०) तपाईले स्थानीय एवं सस्तो र सर्वसुलभ सामग्रीको प्रयोगमा जोड दिने कार्यक्रम कत्तिको रुचि राख्नुहुन्छ ?

……………………………………………………………………………………………………

११) TPD तालिम लिनु अघि र लिइसकेपछि शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा कस्तो प्रभाव परेको छ ?

……………………………………………………………………………………………………

१२) शैक्षिक सामग्रीको व्यवस्थापन कसरी गर्नुभएको छ ?

……………………………………………………………………………………………………

१३) Learning by doing theory लाई कत्तिको अवलम्बन गर्नुभएको छ ?

……………………………………………………………………………………………………

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ४

## सम्बन्धित विद्यालयको प्रधानाध्यापक/प्राचार्यहरुका लागि प्रश्नावली

१) तपाई प्र.अ. भई कार्य गर्नुभएको कत्ति समय भयो ?

.................................................................................................

२) शिक्षण सामग्री सम्बन्धि कुनै तालिम लिनुभएको छ ?

.................................................................................................

३) शैक्षणिक सुपरिवेक्षण गर्नुहुन्छ वा हुदैन ?

.................................................................................................

४) तपाईको विद्यालयमा कतिजना शिक्षकले टिपिडी तालिम लिनुभएको छ ?

.................................................................................................

५) तपाईको विद्यालयमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग कक्षाकोणमा कत्तिको हुने गरेको छ वा छैन ?

.................................................................................................

६) तपाईले शैक्षिक सामग्री जुटाउन क-कसको सहयोग प्राप्त गर्नु भएको छ ?

.................................................................................................

७) शैक्षिक सामग्री छनौटमा तयारी, बजारमा पाइने वा शिक्षक विद्यार्थीद्वारा निर्मितलाई प्राथमिकता दिने गर्नुभएको छ ?

.................................................................................................

८) शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोग कसरी गर्ने गर्नुभएको छ ?

.................................................................................................

९) विद्यार्थीले सिकेन भन्नुको अर्थ शिक्षकले सिकाएन यस भनाइमा तपाई सहमत गर्नुहुन्छ ?

.................................................................................................

१०) शैक्षिक सामग्री विना शिक्षण सिकाइ दिगो हुन्छ जस्तो लाग्छ ?

.................................................................................................

११) शिक्षकको योग्यता, भत्ता, तलब, सुविधा, तालिम जस्ता पक्षमा विद्यालयले कत्तिको सहयोग गर्ने प्रयत्व गरेको छ ?

.................................................................................................

१२) तपाईले शैक्षिक सामग्रीको जुटाउन क-कसको सहयोग प्राप्त भएको छ ?

.................................................................................................

१३) टिपिडी तालिम लिनु अघि र लिइसकेपछि तपाईको विद्यालयको शिक्षकहरुले शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग कत्तिको हुने गरेका छन् ?

.................................................................................................

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ५

## विद्यार्थीका लागि प्रश्नावली

१) यस विद्यालयमा तिमी कहिले देखि अध्ययन गरिरहेका छौ ?

..........................................................................................................

२) तिम्रो आमाबुबा के काम गर्नुहुन्छ ?

..........................................................................................................

३) तिमी घरमा कति घण्टा पढ्छौ ?

..........................................................................................................

४) शिक्षकहरुले पढाउने तरिकाबाट सन्तुष्ट छौ ?

..........................................................................................................

५) शिक्षकहरु कक्षामा पुरै घण्टी समय बस्नुहुन्छ ?

..........................................................................................................

६) शिक्षकले नयाँ पाठ पढाउन आउँदा शैक्षिक सामग्री कत्तिको प्रयोग भएको पाएको छौ ?

..........................................................................................................

७) तिमीलाई शैक्षिक सामग्री भनेको थाहा छ ?

..........................................................................................................

८) तिमीले शैक्षिक सामग्रीको प्रयोग गर्न पाएका छौ ?

..........................................................................................................

९) तिमीलाई शैक्षिक सामग्री निर्माण गर्न शिक्षकले भन्नुभएको छ ?

..........................................................................................................

१०) शैक्षिक सामग्रीको संकलन र प्रयोग गर्दा समय मै कोर्ष भ्याउन गाह्रो त पर्दैन ?

..........................................................................................................

११) तिम्रो शिक्षकले शैक्षिक सामग्री स्थानीय, सस्तो र सर्वसुलभ प्राप्त गर्न सकिने प्रयोग गर्छन वा बजारी तयारी महँगो सामग्रीको प्रयोग गर्छन् ?

..........................................................................................................

१२) शैक्षिक सामग्रीको प्रयोगले कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ६

## रोष्टर प्रशिक्षकहरुका लागि प्रश्नावली

१) तपाई यस विद्यायमा कति लामो समय देखि शिक्षण पेशामा आवद्ध हुनुहुन्छ ?

.........................................................................................................

२) तपाईले टिपिडी कार्यक्रममा कुन विषयमा प्रशिक्षण दिनुभएको छ ?

.........................................................................................................

३) टिपिडी कार्यक्रमले शिक्षकहरुलाई शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा सहयोग पुऱ्याउँछ ?

.........................................................................................................

४) तपाईको विषयमा कति जनाले टिपिडी तालिम लिइसक्नु भयो ?

.........................................................................................................

५) यो तालिम अघि र पछिको अवस्थाको बारेमा अनुमान गर्नुभएको छ ?

.........................................................................................................

६) शिक्षकहरुले शैक्षिक सामग्रीको कत्तिको प्रयोग गरेको पाउनुभएको छ ?

.........................................................................................................

७) शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा कसरी शिक्षकहरुलाई Motivation गर्नुहुन्छ ?

.........................................................................................................

८) तपाईले विद्यालयमा गई तालिम लिएका शिक्षकहरुले शैक्षिक सामग्रीको प्रयोग गरे वा नगरेको बारे प्र.अ. विद्यार्थी सँग गई बुझ्नु भएको छ ?

.........................................................................................................

९) शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा के कस्तो प्रभाव परेको पाउनु भएको छ ?

.........................................................................................................

१०) शिक्षकको योग्यता दक्षता र सीप अभिवृद्धि गर्न के कस्ता शैक्षिक कार्यक्रममा जोड दिनुपर्ला जस्तो लाग्छ ?

.........................................................................................................

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ७

## स्रोतव्यक्तिको लागि प्रश्नावली

१) तपाई स्रोत व्यक्ति भई कार्य गर्नुभएको कति समय भयो ?

..................................................................................................................

२) तपाईको स्रोतकेन्द्रमा यो तालिम लिइसकेका छन् ?

..................................................................................................................

३) हालसम्म कतिजनाले यो तालिम लिइसकेका छन् ?

..................................................................................................................

४) यो तालिम प्रति शिक्षकहरुको धारणा कस्तो पाउनु भयो ?

..................................................................................................................

५) शिक्षण सिकाइ प्रक्रिया यो तालिमले कस्तो प्रभाव पार्न सक्छ ?

..................................................................................................................

६) तपाईले शैक्षणिक सुपरिवेक्षण गर्नुहुन्छ वा हुदैन ?

..................................................................................................................

७) शैक्षिक सामग्री संकलनमा कसको भूमिका महत्वपूर्ण हून्छ ?

..................................................................................................................

८) टिपिडी तालिम प्राप्त गरी सकेपछि शिक्षकहरुले शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा कत्तिको रुचि देखाएका छन् ?

..................................................................................................................

९) शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग भए नभएको सम्बन्धि बुझ्न अनुगमन गर्ने गर्नु भएको छ ?

..................................................................................................................

१०) तपाईको स्रोतकेन्द्रका शिक्षकहरु सँग सन्तुष्ट हुनुहुन्छ ?

..................................................................................................................

११) हाल Teaching with Dignity सम्मानका साथ शिक्षण सँग तपाई एकाकार हुन सक्नुहुन्छ ?

..................................................................................................................

१२) Reward and Punishment को सिद्धान्तसँग कत्तिको सहमत हुनुहुन्छ ?

..................................................................................................................

१३) शैक्षिक सामग्रीको प्रयोगमा वृद्धि गर्न के कस्ता उपाय अवलम्बन गर्नु भएको छ?

..................................................................................................................

## शिक्षकको पेशागत विकासमा तालिमको प्रयोग

## अनुसूची ८

## छनोट गरिएका विद्यालयहरुको विवरण

| क.स. | विद्यालयको नाम |
|---|---|
| १ | पृथ्वी उच्च मा.वि., जुटपानी भटेनी |
| २ | नि.मा.वि.जुटपानी वजार जुटपानी ३ |
| ३ | नि.मा.वि.रेडक्रसग्राम जुटपानी १ |
| ४ | नि.मा.वि. वनकट्टा पदमपुर ८ |